" शिक्षा,स्वास्थ्य,सडक,कृषि,पर्यटन सहितको पूर्वाधार ;
पूर्वखोला विकासको आधार "

# गाऊँ शिक्षा योजना
# २०८१-८७



## पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला ,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# विषय सूची

हाम्रो भनाइ.................................................................................................

**विषय प्रवेशः**.................................................................................................

**परिच्छेद १**.................................................................................................

**परिचय**.................................................................................................

१.१ पृष्ठभूमि.................................................................................................

१.२ मुख्य समस्याहरुः.................................................................................................

१.३ शिक्षा क्षेत्रका चुनौतीहरुः.................................................................................................

१.४ अवसरहरुः.................................................................................................

**परिच्छेद २**.................................................................................................

**लक्ष्य निर्धारण**.................................................................................................

२.१ दूरदृष्टिः.................................................................................................

२.२ लक्ष्यः.................................................................................................

२.३ उदेश्यः.................................................................................................

२.४ रणनीतिहरुः.................................................................................................

२.४ कार्यनीतिः.................................................................................................

२.६ अपेक्षित उपलब्धिः.................................................................................................

२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः.................................................................................................

राष्ट्रिय.................................................................................................

**परिच्छेद ३**.................................................................................................

**विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु**.................................................................................................

३.१ प्रारम्भिक बालविकास र शिक्षाः.................................................................................................

३.२ आधारभूत शिक्षाः.................................................................................................

३.३ माध्यमिक शिक्षा.................................................................................................

३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ.................................................................................................

**परिच्छेद ४**.................................................................................................

**अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु**.................................................................................................

४.१ पाठ्यक्रम र मूल्यांकन.................................................................................................

४.२ शिक्षक व्यवस्थापन र विकास........................................................................
४.३ शैक्षिक समता र समावेशीकरणः........................................................................
४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम.................................................
४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा.................................................
४.६ विद्यालय भौतिक पूर्वाधार विकास........................................................................
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..............................................................
**परिच्छेद ५** ..................................................................................................................
**सुशासन तथा व्यवस्थापन**.....................................................................................
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध.......................................................
५.३ अनुगमन तथा मूल्यांकन ......................................................................................
**परिच्छेद ६** ..................................................................................................................
**लगानी र स्रोत व्यवस्थापन**....................................................................................
**परिच्छेद ७** ..................................................................................................................
**मुख्य उपलब्धी सूचकहरु** ........................................................................................

**अनुसूचीहरु**

अनुसूची १ प्रमुख उपलब्धि सूचकहरू (KPI)

अनुसूची २ नतिजा ढाँचा (Result Framework)

अनुसूची २ प्रमुख क्रियाकलाप, लक्ष्य तथा बजेट अनुमान

**सन्दर्भ सामग्रीहरूको सूची**

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

वि.सं. २०७२ मा जारी भएको नेपालको संविधानअनुसार संघीय गणतन्त्रात्मक राज्यव्यवस्था प्रारम्भ भई  संघ ,प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । यस संविधानले समग्रमा समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ भने यस ध्येय अनुकूलका शिक्षासम्बन्धी सबै नागरिकको आधारभुत र विशिष्ट प्रकारका मौलिक हकहरू र  प्राथमिकताहरू स्थापित गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यससम्बन्धी नियमावली २०७७ कार्यान्वयनमा आएको छ भने बालबालिकासम्बन्धी ऐन २०७५ ले शिक्षालगायत बालबालिका हकहरूलाई प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भई शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

सन् २०१५ मा संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकास (SDG) का १७ ओटा लक्ष्यमा नेपालले पनि सहमति जनाएको छ भने यस अन्तर्गतको चौथो लक्ष्यले “सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने" उद्देश्य (Aim) राखी यससँग सम्बन्धित सातओटा लक्ष्यहरू (Targets) निर्धारण गरेको छ भने लक्ष्य प्राप्तिका लागि थप तीनओटा माध्यम वा तरिका पनि उल्लेख गरेको  छ । युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी घोषणापत्रले शिक्षासम्बन्धी दिगो विकास लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा नेपालले पनि यसमा प्रतिबद्धता जनाएको छ । उल्लिखित सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोहौं योजना २०८१८२/–२०८५८६/ तयार गरी शिक्षा विकासका लागि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । उल्लिखित सन्दर्भहरूलाई समेट्दै सङ्घीय सरकार शिक्षा ,बिज्ञान तथा प्रबिधि मन्त्रालयले गत २०८० देखि ८१/१० बर्षे विद्यालय क्षेत्र योजना (SESP) सन् २०२२/२३–२०/31३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै परिपेक्षहरूमा टेक्दै यस स्थानीय सरकार पूर्वखोला गाउँपालिकाले संबैधानिक दायित्व ,प्रावधानहरु र आफ्ना आवश्यकताहरूलाई सापेक्षरूपमा पुरा गर्न आफ्नो पालिकातहमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यन्वयन गर्न आवश्यक देखिएको छ । त्यसै गरी पालिकाको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका गरी शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन

पनि पालिकातहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ । मुलुकको अन्य क्षेत्रहरुमा जस्तै यस पालिकामा पनि बिगतको कोभिड र बेला बखत आइपरेका बिभिन्न प्राकृतिक बिपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको लामो अवरोध तथा गतिहिनताले शिक्षा क्षेत्रमा भएको नोक्सानीलाई घटाई गतिशीलता प्रदान गर्न र अबका दिनहरुमा देखा पर्न सक्ने संभावित प्राकृतिक प्रकोप ,महामारी तथा आपत विपतबाट उत्पन्न हुने जोखिमहरू साथै जलवायु परिवर्तनले ल्याएको जोखिमहरूलाई न्यूनीकरण गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकासको आवश्यकतालाई उपयुक्त ढङ्गले सम्बोधन गर्नु पर्ने नितान्त जरुरी रहेको छ ।

उल्लिखित सन्दर्भले पालिकातहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक र प्रभावकारी योजनाको आवश्यकता महसुस गरी यस पालिकाले स्थानीय सरकार स्तरको शिक्षा क्षेत्रको योजना (Education Sector Plan-ESP) आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोणसहित सन् २०२४–२०२८ का लागि आवश्यक स्रोतको आकलन गरी तयार गरेको छ ।

योजनाको यस पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू, जस्तैः पालिकाको सामाजिक तथा सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसाङ्खिक स्वरूप, शासकीय स्वरूपलगायत शिक्षाको समग्र अवस्था तथा सन्दर्भ उल्लेख गरिएको छ । प्रस्तुत सन्दर्भका आधारमा शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गरिएको छ । यस परिच्छेदको अन्तमा यो योजना निर्माण प्रक्रियाहरू उल्लेख गरिएको छ ।

## १.२ भौगोलिक अवस्था

नेपालमा लामो द्वन्दपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निर्माण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहित कार्यरत रहेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रूपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ ।सन् २०१९ को आँकडाअनुसार (UNDP , 2020) मानव विकास सूचकाङ्क का दृष्टिले नेपाल (०.६०२) कुल १८९ मध्ये १४२ औं स्थानमा रहेको छ भने न्यूनबाट मध्यम सूचकाङ्क भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी ,प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरू हुन् । शिक्षा विकासमा मुलुकको सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यस पालिकाको शिक्षा क्षेत्रको योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ। लुम्बिनी प्रदेश, पाल्पा जिल्ला अन्तर्गत पूर्वखोला गाउँपालिका अक्षांश २७°२४” देखि २७°५१” उत्तरी अक्षांश र ८३° १५”देखि ८३° ३२” पूर्वी देशान्तारमा अवस्थित छ। यस गाउँपालिकाको क्षेत्रफल १३८.०५

वर्ग कि.मि. रहेको छ।यो गाउँपालिकामा ६ वटा वडाहरु रहेका छन्।साविकका सिलुवा,जल्पा,रिङ्नेरह, देवीनगर, वीरकोट र हेक्लाङ गाउँ विकास समितिहरु मिलेर २०७३ सालमा संघीयताको मर्मअनुसार पूर्वखोला गाउँपालिका बनेको छ।यस गाउँपालिकाको पूर्व रामपुर न.पा. निस्दी गा.पा., पश्चिममा माथागढी गा.पा., र रम्भा गा.पा.,, उत्तरमा रामपुर न.पा. र रम्भा गा.पा. र दक्षिण निस्दी गा.पा. माथागढी गा.पा. रहेको छ।

## १ 3.सामाजिक तथा सांस्कृतिक अवस्था


नेपाल सामाजिक तथा संस्कृतिक विविधतायुक्त देश हो । विभिन्न जातजाति, क्षेत्र, समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरिवाज तथा प्रचलनहरू रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो, नेपालमा १२३ भाषाभाषिका पहिचान गरिएको छ । यस्तो / ,सामाजिक सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन् । अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा बञ्चितीकरणमा परी विकासका अवसरहरूबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरू भई केही सकारात्मक उपलब्धिहरू पनि प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने पक्षहरू थुप्रै छन् । यस्ता विभेदहरू हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरू बनाइएका र लक्षित विकास कार्यक्रमहरू सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यसो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रूपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरू आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सृजना गर्ने र आवश्यकतानुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यन दिनु जरुरी छ ।यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ। त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरिवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानीकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्ति कै आवश्यक छ।यसै सन्दर्भमा यस पलिकामा विभिन्न समुदायहरु र सोही अनुसार तिज, दशैं, तिहार, माघे संक्रान्ति ,कृष्णजन्मअष्टमी, बुद्धजयन्ती र फागुपूर्णिमा जस्ता चाडपर्वहरु मनाउने गरेका छन्।यहाँको फागु नाच, लाखे नाच, झ्याउरे, देउसी भैलो, सोरठी, भजन, कौरा र घाटु आदिले सांस्कृतिक रुपमा समृद्ध समाज निर्माणमा उल्लेख्य योगदान पुयाएको छ।

यस गाउँपालिकामा जातिगत हिसाबले मगर, ब्राह्मण ,क्षेत्री, नेवार, कामी, सार्की र दमाई आदि लगायतका मानिसहरुको बसोबास रहेको छ।यहाँका मानिसहरु एक आपसमा मिलिजुली आफ्नो आफ्नो रितिरिवाज मान्दै धर्म कर्ममा रमाएका छन्।यहाँको धार्मिक स्थलहरुमा सिलुवाको चुरे बराजु, जल्पाको जल्पादेवी, रिङ्नेरहको शिव मन्दिर, देवीनगरको भानुमाता देवी, वीरकोटको अकला देवी र हेक्लाङको बाराहा देवी जस्ता धार्मिक स्थलहरु रहेका छन्।


### १4. जनसांख्यिक संरचना

पूर्वखोला गाउँपालिकाको २०७८ को जनगणना अनुसार जम्मा जनसंख्या १६,०५२ रहेको छ जस अनुसार महिलाको संख्या ८,९५९ र पुरुषको संख्या ७,०९३ रहेको छ। विगत ३ वर्षको अन्तरालमा यस गाउँपालिकाको जनसंख्या घट्दो छ। आर्थिक मन्दी, बेरोजगार, अवसरको खोजी, बैदेशिक रोजगाार तथा सुविधा खोजीको कारण यहाँका मानिसहरु बसाईसराई र पलायन भएको हो भन्ने अनुमान गर्न सकिन्छ।यस गाउँपालिकाको उमेरगत जनसंख्या तल प्रस्तुत गरिएको छ।

### १.३.१ उमेरगत जनसंख्याको विवरण



### १.३.२ विद्यालय उमेरको जनसंख्या




## १4. आर्थिक अवस्था


यस गाउँपालिकाको बजार क्षेत्रको रुपमा दार्सिङ्ग भञ्याङ्ग, हटिया, लामे, जल्पा भञ्याङ्ग, ढोलीमारा, बिर्ताबजार, देवीनगर, वीरकोट र हेक्लाङ्ग आदि हुन। गाउँपालिकाको मुख्य पेशा कृषि र पशु हो जसमा कृषिको व्यावसायिकरण सँगै यस गाउँपालिकामा अन्नबाली, फलफुल, तरकारी तथा पशुपालन व्यवसाय पर्दछन्।यसको अलावा व्यापार-व्यवसाय, बैदेशिक रोजगार तथा नोकरी आदि हुन्।

यस गाउँपालिकामा विभिन्न प्राकृतिक स्रोत साधनहरु पनि छन।जसमा वनपैदावर, विभिन्न प्रकारका जडिबुटीहरु, ढुङ्गा, गिट्टी, बालुवा तथा आन्तरिक पर्यटनका लागि पर्यटकीय स्थल र होमस्टे, गढी आदि रहेका छन्।


## १.६ शैक्षिक अवस्था

यस गाउँपालिका क्षेत्रभित्र ३६ वटा विद्यालय, १ क्याम्पस र २ वटा सामुदायिक सिकाई केन्द्रहरु रहेका छन्।जसमा २१ प्राथमिक तह, ८ आधारभूत तह र ७ माध्यमिक तह सञ्चालित छन्।साथै ३६ वटा विद्यालयमा आधारित र ५ वटा समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्र रहेका छन्।

**विद्यार्थी विवरणः**




**शिक्षक विवरणः**





**भौतिक सुविधाः**

यस गाउँपालिकाको प्राय सबै गाउँ, घर र विद्यालयमा विजुलीबत्ती तथा मोटरबाटोको पहुँच पुगेको छ भने केही आधारभूत तथा माध्यमिक विद्यालयहरुमा पुस्तकालय, प्रयोगशाला र सबै विद्यालयहरुमा शौचालय, खानेपानी, इन्टरनेट तथा खेलमैदान रहेको भएता पनि त्यसको बालमैत्री विकास गर्नुपर्ने देखिन्छ ।

**सिकाई उपलब्धिः**

| शै.स. | २०८० | | | | | | | औसत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| तह | नेपाली | अंग्रजी | गणित | सामाजिक | विज्ञान | स्वा.शा. | स्थानीय | | |
| प्रावि | ३.०५ | ३.०२ | २.९६ | २.८० | २.८८ | २.९३ | ३.०८ | २.९६ | |
| निमावि | २.९० | २.८० | २.६० | २.८२ | २.८० | २.८८ | २.७७ | २.८० | |
| मावि | २.७० | २.४३ | २.०४ | २.११ | २.२७ | २.५० | २.५४ | २.३७ | ऐ I ,ऐII |
| जम्मा | २.८८ | २.७५ | २.५३ | २.५८ | २.६५ | २.७७ | २.८० | २.७१ | |




## १.६ शैक्षिक सुचकको अवस्था

तथ्याङ्कलाई सापेक्षतामा मापन गर्नुपर्दछ। यसो गर्न सकियो भने मात्र सूचकले सही अर्थ दिन्छ।तल दिइएको तालिकमा पूर्वखोला गाउँपालिकाकाो शैक्षिक सूचकलाई पाल्पा जिल्ला, लुम्बिनी प्रदेश र नेपालसँग तुलानात्मक रुपले प्रस्तुत गरिएको छ। यसो गर्दा स्थानीय तहको अवस्था र आफुले कहाँ सुधार गर्नपर्ने रहेछ भन्ने कुरा सहजै थाहा पाउन सकिन्छ।

| तह | सुचक | नेपाल | लुम्विनी | पाल्पा | पूर्वखोला |
|---|---|---|---|---|---|
| वा.वि.के. | सहजै देखिने भर्ना दर | ९४.९ | ९५.५ | ८७.३ | १०९.५ |
| | खुद भर्ना दर | ७०.६ | ७१.४ | ७३.० | ७९.३ |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा १ | सहजै देखिने प्रवेश दर | १२५.७ | १३१.६ | १०७.५ | ७१.३ |
| | खुद प्रवेश दर | ९५.९ | ९६.२ | ९२.९ | ४९.५ |
| | वा वि के को अनुभव सहित कक्षा १ मा भर्ना | ७६.७ | ९६.३ | ९१.८ | १३४.९ |
| कक्षा १-५ | सहजै देखिने भर्ना दर | १२९.५ | १३३.३ | १२३.५ | ९१.१ |
| | खुद भर्ना दर | ९७.१ | ९७.५ | ९५.६ | ६४.० |
| कक्षा ६-८ | सहजै देखिने भर्ना दर | ११४.३ | ११४.८ | १०९.६ | ९३.७ |
| | खुद भर्ना दर | ९४.३ | ९४.४ | ९३.७ | ६१.८ |
| कक्षा १-८ | सहजै देखिने भर्ना दर | ११९.३ | १२१.८ | १२०.७ | ९०.३ |
| | खुद भर्ना दर | ९६.१ | ९६.४ | ९४.९ | ६०.४ |
| कक्षा ९-१० | सहजै देखिने भर्ना दर | ९८.४ | ९७.९ | ९६.४ | ८८.२ |
| | खुद भर्ना दर | ७६.५ | ७५.६ | ७६.८ | ४०.२ |
| कक्षा११-१२ | सहजै देखिने भर्ना दर | ६६.४ | ६९.० | ६०.१ | ५४.० |
| | खुद भर्ना दर | ३६.० | ३६.४ | ३४.१ | ३८.७ |
| कक्षा ९-१२ | सहजै देखिने भर्ना दर | ८३.४ | ८३.९ | ७५.८ | ७०.६ |
| | खुद भर्ना दर | ५७.४ | ५६.६ | ५२.५ | ३२.७ |
| ५-१२ उमेर | विद्यालय वाहिर रहेका वालवालिका जनसंख्याको आधारमा | १७४६८९ | २८६५७ | १६९० | २३५ |
| कक्षा ५ | टिकाउ दर | ८९.१ | ८८.८ | ८७.९ | ९२.५ |
| कक्षा ५ | तह पार गर्ने विद्यार्थी | ८८.१ | ८७.७ | ८६.८ | ८८.४ |
| कक्षा ८ | टिकाउ दर | ६५.० | ६३.० | ६३.० | ८८.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| कक्षा ८ | तह पार गर्ने विद्यार्थी | ७७.१ | ७६.२ | ७७.३ | ८२.२ |
| वा वि के | सहजकर्ता र विद्यार्थी अनुपात | १:९ | | | |
| कक्षा १-८ | शिक्षक अनुपात | १:१० | | | |
| कक्षा ९-१२ | शिक्षक अनुपात | १:१९ | | | |

# परिच्छेद दुई

# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य/गन्तव्य

## २.१ परिचय

परिच्छेद एकमा उल्लेख गरिएको राष्ट्रिय शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले नेपालको विद्यालय शिक्षाको आागामी १० वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि २०८७ .सं .(सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू ( Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators) प्रस्तुत गरिएको छ ।

## २.२ दीर्घकालीन सोच (Vision)

"समृद्ध नेपाल सुखी नेपाली" को आकांक्षा पुरा गर्नका लागि एक्काइसौं शताब्दीको आवश्यकता तथा अवसरलाई उपयोग गर्न सक्ने नेपाली मूल्य मान्यता अनुकुलको सक्षम नागरिक तयार गर्ने हेतुले यस गाउँपालिकाको शिक्षा योजनाको दिर्घकालिन सोच "**सामाजिक तथा आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा**" रहेको छ।

## २ ध्येय ३.(Mission)

नेपाली मूल्य र मान्यता सहितको एक्काइसौं शताब्दी सुहाउँदो सक्षम नागरिक तयार गर्न गुणस्तरीय विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता र निरन्तरता सुनिश्चित गर्ने ।

## २.४ उद्देश्यहरू (Objectives)

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु ।

३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नु ।

५. संघीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन प्रवर्द्धन गर्नु ।

## २.५ रणनीतिहरू ( Strategies)

१. संघीय सरकारले तोके बमोजिमको मापदण्ड, नर्म्स र ढाँचाअनुसार निश्चित अनुदानका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन स्थानीय तहबाट हुनेछ । प्रदेश सरकारले क्षमता विकास, समन्वय तथा सहजीकरणका माध्यमबाट स्थानीय सरकारलाई सहयोग गर्ने।

२. संघीय तथा स्थानीय कानुन र मापदण्ड बमोजिम नक्साङ्कनका आधारमा स्थानीय तहले सवै सुविधा सहितको ठुला विद्यालय (Big School) को स्थापना, भौतिक पूर्वाधारको निर्माण, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको शिक्षामा पहुँच र सहभागिताको सुनिश्चित गर्ने।

३. संघीय तथा प्रदेश सरकारको सहयोग र सहजीकरणमा तथा स्थानीय सरकारको अगुवाइमा विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रवर्द्धन गर्ने ।

४. निःशुल्क माध्यमिक शिक्षा (व्यावसायिक तथा साधारण) मा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न संघ, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिने ।

५. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्री परिमार्जन तथा सान्दर्भिक रणरणसहित शिक्षक शिक्षा तथा तालिम र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरिने ।

६. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनुका साथै गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न छात्रवृत्ति प्रणालीलाई सुदृढ गरिने ।

७. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्र, आमा समूह जस्ता सामुदायीक समूहहरुको माध्यमवाट समूहको कार्यक्षमतामा सबलीकरण गर्दै अनौपचारिक शिक्षाको माध्यमबाट जिवन उपयोगी सिप, आयआर्जन तथा दिगो सामुदायक विकास प्रबर्द्धन गरिने ।

८. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र अनुगमन नियमन तथा मूल्याङ्कन संयन्त्रको विकास गरिने ।

९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा सुधार गर्ने पद्धित विकास गरिने ।

१०. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाको विकास तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय सरकार बिच समन्वयात्कम कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढगरिने ।

११. अभिभावक नभएका वालवालिकाको अभिभावकत्व ग्रहण गरि अभिभावक विहिन वालवालिकालाई विद्यालय शिक्षाको पहुचमा ल्याइने ।

१२. शिक्षामा लैङगिक समावेशीकरण र पहुचमा वृद्धि गर्नका लागि कक्षा ११ र १२ अध्ययनरत छात्रा हरुलाई छात्रवृति कार्यक्रम र अशाहाय विद्यार्थीका लागि छात्रवृति कार्यक्रम लाई निरन्तरता दिइने ।

१३. नमुना विद्यालयको अवधारणा कार्यान्वयनका लागि आवश्यक मापदण्ड तयार गरि कार्यान्वयन गरिने ।

१४. प्रविधिक विद्यालयहरुमा पढदै कमाउदै कार्यक्रम सन्चालन गरि प्राविधिक शिक्षा अध्ययनको महत्वलाइ जोड दिइने ।

१५. विद्यालयहरुमा सिकाइ क्रियाकलाप लाई निरन्तरता दिन महिला शिक्षक तथा कर्मचारी प्रसुति विदामा रहदा स्वयंसेवक शिक्षकको ब्यवस्थापन मिलाइने ।

१६. गाउँपालिकाको जनसंख्या वृद्धि दर तथा वसाई सराइको अवस्थालाइ मध्यनजर गर्दै विद्यार्थी संख्या,अर्को नजिकमा रहेको विद्यालयको दुरी तथा विद्यालयमा आवाशीय सुविधा तथा सहज यातायात लाई मध्यनजर गर्दै साना विद्याललाइ समायोजन गरि (Big School) को अवधारणा कार्यान्वयन गरिने ।

१७. विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दीको तथा विद्यार्थी संख्याका अधारमा शिक्षक परिपूर्तिका लागि स्थानीय शिक्षक अनुदानको ब्यवस्था गरिने ।

१८. विद्यालय शिक्षाको गुणस्तर वृद्धिका लागि संघिय तथा प्रदेश सरकारको सहयोगमा सवै आवश्यक न्यूनतम मापदण्ड सहितका पुस्तकालय, प्रयोगशाला, कम्प्युटर, डिजीटल सामाग्री सहितको ICT लाइब्रेरी ,ई पुस्तकालय, पिउने पानी, शौचालय, खेल मैदान सहितको विद्यार्थी मैत्री भौतिक पूर्वाधारको ब्यवस्थापन गरिने ।

१९. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तको निर्माण तथा वितरण गरिने ।

२०. विद्यालयहरुमा खेलकूदको विकास तथा प्रवर्धनका लागि कार्यक्रम सन्चालन गरिने छ ।

२१. विद्यार्थीको गुणस्तर अभिवृद्धि तथा सामुदायीक विद्यालयहरु प्रति समुदायको अपनत्व विकासका लागि अभिभावक शिक्षा संचालन गरिने ।

२२. आपतकालिन तथा विपदको संकटपूर्ण अवस्थामा विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिस्चित गर्न वैकल्पिक ब्यवस्थापन गरिने ।
२३.शिक्षाको गुणस्तर कायम राख्न शिक्षकहरुलाई क्षमता विकास तालिम तथा उपयोगी कार्यक्रहरु सन्चालन गरिने ।
२४. वालवालिकाहरुको प्रतिभा पहिचान तथा प्रस्फुटनका लागि अतिरिक्त क्रियाकलाप तथा उत्कृष्ट विद्यार्थी शिक्षक र विद्यालयलाई पुरस्कार तथा प्रोत्साहन कार्यक्रम सन्चालन गरिने ।
२५.विद्यालयहरुको शैक्षिक गतिविधि अनुगमन गरि थप सुधारका लागि गाउँ शिक्षा समिति तथा वडा शिक्षा समितिमा अनुगमन संयन्त्र तयार गरि गुणस्तर सुधारका लागि पृष्ठपोषण र सहजीकरण गरिने ।
२६. विद्यालयमा अध्ययन गर्दा गर्दै हुने वालविवाह निरुत्साहित गर्न कार्यक्रम सन्चालन गरिने ।
२७.अवलोकनका माध्यमवाट असल अभ्यासको कार्यान्वयन गर्ने कार्यक्रम सन्चालन गरिने ।
२८.वालमैत्री विद्यालय निर्माणका लागि कार्यक्रम सन्चालन गरिने ।
२९.विद्यार्थीहरुलाई शैक्षिक गुणस्तर वृद्धिमा सहयोग गर्न विद्यार्थी काउन्सिलिङ कार्यक्रम सन्चालन गरिने ।
३०.विद्यालयमा राष्ट,राष्टियता,देशभक्तिपूर्ण, स्थानीय तथा मैलिक कला संस्कृतिको शंरक्षण तथा नैतिक आचरण अवलम्वन गर्ने सिकाइ तथा अतिरक्त क्रियाकलाप सन्चालन गरिने ।
३१.विद्यालय विद्यालयबिच भगिनी सम्बन्ध स्थापित गरी असल अभ्यासको आदानप्रदान गरिने।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछः

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुनेछ ।

२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यनूनतम सिकाइ सक्षमतासहित आधारभूत तह पूरा गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गरेका हुनेछन ।

१. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज ( Learning Society) निर्माणमा योगदान पुग्नेछ ।

२. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम हुनेछ र योजना तथा कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापनमा नतिजामुखी प्रणाली स्थापित भई अपेक्षित उपलव्धि हासिल हुने ।

३. विद्यालय तहको पाठ्यक्रमको सान्दर्भिकतामा वृद्धि भई विद्यालय तह पुरा गर्ने हरेक व्यक्ति दैनिक जीवनका लागि आवश्यक आधारभूत भाषिक, सामाजिक, विज्ञान र प्रविधिसम्बन्धी तथा गणितीयलगायतका सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध ,रोजगार उन्मुख हुनेछ ।

४। सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारुकेन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनेछ ।

५. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता निरन्तरता सहित सबैका लागि गुणस्तरीय शिक्षाको सुनिश्चतता हुनेछ।

६. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पहुँच तथा सहभागिता हुनेछ ।

७. आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चित हुनेछ ।

८. सबै विद्यालयमा आवश्यक सक्षमताका आाधार पुरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ।

९. विद्यार्थीहरुमा स्वास्थ्य तथा सर्वाङगीण विकासका लागि खेलकूद भन्ने भावना अभिवृद्धि हुनेछ ।

## २.७ अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा)

यस योजनाका अपेक्षित मुख्य कार्य सम्पादन सूचक (परिमाणात्मक नतिजा) निम्न बमोजिम हुने छः

| क्र.सं. | सूचक | सूचकहरुको तहको | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ७९.३ | ८५.७ | ८८.० | ९२.० | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट , वजेट । | |
| | | राष्ट्रिय | ८६.2 | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ११५.१ | ११०.७ | १०७.८ | १०५.० | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.0 | | |
| **आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | स्थानीय | ३८.२ | ४४.६४ | ५२.१ | ६०.९ | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट , वजेट । | |
| | | राष्ट्रिय | ९६.9 | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | ८३.६ | ८७.१६ | ९०.८ | ९४.७ | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ६४.० | ७१.३ | ७९.५ | ८८.६ | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ९१.१ | ९४.१ | ९७.१ | १०० | | |
| | | राष्ट्रिय | ११९.२ | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | २९.० | ३३.४ | ४४.१ | ५८.३ | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | ८५.७ | ८७.७ | ९१.९ | ९६.२ | | |
| | | राष्ट्रिय | ११३ | ११० | १०७ | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९२.५ | ९३.४ | ९४.३ | ९५.१ | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८८.४ | ९०.२ | ९२.१ | ९३.९ | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २७.१ | २१.४ | १३.२ | ८.२ | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | | स्थानीय | ०.९१ | ०.८९ | ०.८८ | ०.८७ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | राष्ट्रिय | १.०६ | | | १.०१ | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ६०.४ | ६४.० | ७४.० | ८२.७ | |
| | | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | ९०.३ | ९०.५ | ९३.९ | ९५.९ | |
| | | | राष्ट्रिय | ११०.४ | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८४.६ | ८६.८ | ८९.१ | ९१.५ | |
| | | | राष्ट्रिय | ७९.३ | | | ९५.० | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | स्थानीय | ८२.२ | ८५.५ | ८८.९ | ९२.५ | |
| | | | राष्ट्रिय | ७२.७ | | | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | ०.९८ | ०.९९ | १०० | ०.९९ | |
| | | | राष्ट्रिय | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४७.७ | ५४.३ | ६१.८ | ७०.३ | |
| | | गणित | स्थानीय | ६१.३ | ६६.५ | ७२.२ | ७८.३ | |
| २.१७ | कक्षा ५ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५६.० | ६३.१ | ७१.० | ७९.९ | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | |
| | | गणित | स्थानीय | ६७.५ | ७२.५ | ७७.९ | ८३.८ | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | |
| | | अङ्ग्रेजी | स्थानीय | ७५.५ | ७७.५ | ८०.५ | ८४.५ | |
| २.१८ | कक्षा ८ मा न्युनतम सिकाइ उपलब्धि हासिल गरेका बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ५५.६ | ६३.६ | ७१.४ | ८०.१ | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | |
| | | गणित | स्थानीय | ४२.९ | ५०.१ | ५८.६ | ६८.५ | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | |
| | | विज्ञान | स्थानीय | ६९ | ७२ | ७४ | ७७ | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | |
| २.१९ | विद्यालय वाहिर रहेका | आधारभूत (कक्षा १-५) | स्थानीय | १२.६ | ७.४ | २.७ | १.६ | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिका* (%) | आधारभूत (कक्षा १-८) | स्थानीय | | ११.६ | १०.६ | ८.८ | ६.९ | |
| | | | राष्ट्रिय | | ६.६ | | १.० | ० | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | | ४८.४ | ४९ | ४९ | ४९ | |
| | | | राष्ट्रिय | | ४३.७ | ४५.० | ५०.० | ५०.० | |
| **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | | ३८.७ | ४२.६ | ६१.९ | ८६ | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट, वजेट । |
| | | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | | स्थानीय | | ७०.६ | ८०.१ | ९६.९ | १०० | |
| | | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | | स्थानीय | | ०.९० | ०.९२ | ०.९४ | ०.९६ | |
| | | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | |
| ३.४ | आधारभूत तहवाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | | स्थानीय | | ८९.७ | ९४.१३ | ९८.७४ | १०० | |
| | | | राष्ट्रिय | | ९७.५ | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | | ८१ | ८५ | ८८ | ९० | |
| | | | राष्ट्रिय | | ६०.३ | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | | ४७.६ | ५७.६ | ६७.६ | ७७.६ | |
| | | | राष्ट्रिय | | २४.० | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | | स्थानीय | | २१.१ | २३.३ | २३.७ | २५.१ | |
| | | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | | स्थानीय | विज्ञान | | | | | |
| | | | | प्रा.व्या. | ७.२ | १० | १४ | १९ | |
| | | | राष्ट्रिय | विज्ञान | | | १५.० | | |
| | | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलव्धि* (%) | | नेपाली भाषा | स्थानीय | ६३ | ६८ | ७५ | ७८ | |
| | | | गणित | स्थानीय | ५४ | ६० | ६७ | ७१ | |
| | | | विज्ञान | स्थानीय | ३७ | ४४ | ५४ | ६० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अङ्ग्रेजी | स्थानीय | ४९ | ५५ | ६२ | ६६ | |
| **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | **७६.५** | **८०.०** | **८५.०** | **८८.०** | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट , वजेट । |
| | | राष्ट्रिय | | **५८.०** | | **९५.०** | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | **८१.०** | **८४.०** | **८६.०** | **९०.०** | |
| | | राष्ट्रिय | | **८२.०** | **८९.०** | **९५.०** | **१००** | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | **९९.०** | **९९.०** | **९९.०** | **१००** | |
| | | राष्ट्रिय | | **९२.०** | | **९९.०** | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | | **०.८४** | **०.८८** | **०.९३** | **०.९८** | |
| | | राष्ट्रिय | | **०.६५** | | | **०.८०** | |
| **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रूपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट , वजेट । |
| | | राष्ट्रिय | | **३१.०** | ४०.० | **५०.०** | **७५.०** | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा(कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह)उत्तीर्णजनशक्ति* | स्थानीय | छात्रा | ४.८ | ६.८ | ८.८ | १०.८ | |
| | | | छात्र | ६.७ | ८.८ | १०.८ | १२.८ | |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ९:१ | ९:१ | ९:१ | ९:१ | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट , वजेट । |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | २७:१ | २७:१ | २७:१ | २७:१ | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | ११:१ | ११:१ | ११:१ | ११:१ | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | २२:१ | २२:१ | २२:१ | २२:१ | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | | २५:१ | २५:१ | २५:१ | २५:१ | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | |
| **शिक्षामा लगानी** | | | | | | | | |
| ८.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | १२.०५ | १३.०५ | १४.०५ | १५.०५ | IEMIS ,विद्यालयवाट प्राप्त तथ्याङ्क विवरण , शिक्षा तथा मानव |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | |
| ८.२ | | स्थानीय | | ५३ | ५५ | ५७ | ५९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | आधारभूत तह (कक्षा १-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | राष्ट्रिय | १८ | २१ | २४ | | स्रोत विकास केन्द्रका पूर्व विज्ञले तयार गरेको Planning tool kit , Census 2078 को रिपोर्ट, वजेट । |

## परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरु (प्रारम्भिक बालविकास र शिक्षा, आधारभुत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, र प्राविधिक तथा उच्च शिक्षा) को वर्तमान अवस्थाको समीक्षा गरी सम्बन्धित उपक्षेत्रको विकासको निमित्त अवलम्बन गर्नुपर्ने

उद्देश्य तथा रणनीतिहरूको विस्तृतीकरण गरिएको छ। यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रहरुलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ ।

# ३१. प्रारम्भिक बालविकास र शिक्षा

## ३.१.१ परिचय

प्रारम्भिक वालविकास र शिक्षाले आधारभूत शिक्षाका लागि विद्यार्थी लाई तयार पार्ने कार्य गर्दछ ।यसले विद्यालय जाने उमेरका वालवालिकाको शारीरिक मानसिक तथा बौद्धिक सामाजिक जस्ता सर्वाङगीण विकासमा सहयोग गर्दछ ।नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्टिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका वालवालिकाका लागि १ वर्षको प्रारम्भिक वाल विकास तथा शिक्षा कार्यक्रम सन्चालन गरिने कुरा उल्लेख गरिएको छ ।यस कार्यक्रमलाई सवै वालवालिकाको पहुचमा पुर्याउनका लागि सरकारी तथा गैर सरकारी संस्था स्थानीय सरकार विद्यालय तथा आम सरोकारवालाहरुको हातेमालो र सहयोग हुन आवश्यक छ ।यस योजना अवधिका लागि प्रारम्भिक वालविकास र शिक्षा कार्यक्रमको उदेष्य रणनीतिहरु प्रमुख उपलब्धि तथा नतिजा र प्रमुख क्रियाकलाप र लक्ष्यनिम्न अनुसार उल्लेख गरिएको छ ।

## ३.१.१ वर्तमान अवस्था

| वडा नं | संख्या | | न्यूनतम पूर्वाधार | उमेर समुहका विद्यार्थी | | छात्रा संख्या | छात्र संख्या | शिक्षक संख्या | | महिला शिक्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयमा | समुदायमा | | ४ वर्ष | ४ भन्दा कम वा बढी | | | संघिय अनुदान | गा पा अनुदान | |
| १ | ९ | ० | विद्यालयमा संचालित वाविकेमा न्यूनतम पूर्वाधार भएको ।समुदायमा संचालितमा नभएको । | २०३ | ३६२ | २६७ | २९८ | ४१ | २४ | संघिय अनुदानमा ४१ महिला गा पा अनुदानमा १९ महिला ५ पुरुष |
| २ | ५ | २ | | | | | | | | |
| ३ | ४ | १ | | | | | | | | |
| ४ | ५ | १ | | | | | | | | |
| ५ | ८ | ० | | | | | | | | |
| ६ | ५ | १ | | | | | | | | |
| जम्मा | ३६ | ५ | | २०३ | ३६२ | २६७ | २९८ | ४१ | २४ | |

प्रारम्भिक बालविकास र शिक्षामा हालको लगानी र स्रोत व्यवस्थापनः

यस पूर्वखोला गाउँपालिका भित्र विद्यालयमा संचालित वालविकास केन्द्रहरुमा वालकक्षा, नर्सरी कक्षा,केजी कक्षाहरु पर्दछन।कक्षा १ भन्दा अगाडीका कक्षाहरुलाई वाल विकास केन्द्रका कक्षा मानिएको छ ।संघिय सरकार वाट प्राप्त अनुदान वाहेक वालकक्षा शिक्षकका लागि तलव भत्तामा

रु ७२०० थप प्रदान गरिएको छ भने नर्सरी कक्षा,केजी कक्षाहरु सन्चालित विद्यालयमा १५ विद्यार्थी वरावर १ वालकक्षा अनुदान शिक्षकको ब्यवस्थापन गरि केही रकम अनुदानको रुपमा उपलब्ध गराइएको छ ।

प्रमुख समस्या र चुनौतीहरूः

- भर्ना उमेर अगावै बालबालिका भर्ना गर्न ल्याइनु,
- दक्ष, तालिम प्राप्त तथा सिर्जनसिल शिक्षकको व्यवस्थापन हुन नसक्नु,
- बालविकास सहजकर्ताको पारिश्रमिकमा संघिय सरकारवाट दिइने वजेट कम हुनु ।
- वालविकास केन्द्रमा सिकाइकुना सहितको भौतिक पूर्वाधार तथा आवश्यक शैक्षिक सामाग्रीको समयानुकूल ब्यवस्थापन गर्न नसकिनु ।

### ३.१.२ उद्देश्य

१. प्रारम्भिक बालविकास र शिक्षामा सहभागितामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.३ रणनीति

१. प्रारम्भिक बालविकास र शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास र शिक्षा सञ्चालन गर्ने ।
२. वालविकासकेन्द्रको नक्साङ्कन,समायोजन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।
३. प्रारम्भिक बालविकास तथा शिक्षामा लगानी र लागत सहभागिता अभिवृद्धि गर्ने ।
४. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने ।
५. नमुना बालविकास केन्द्रहरु स्थापना गर्ने ।
६. बालविकास सहजकर्तामा महिलालाई प्राथामिकता दिने ।
७. सहयोगी कार्यकर्ताहरुको क्षमता विकासका लागि विभिन्न तालिम कार्यक्रमहरु सञ्चालन गर्ने।
८. वालविकास केन्द्रको न्यूनतम मापदण्ड पूरा गर्नका लागि भौतिक व्यवस्थापन, सिकाई कुना, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्रीहरु बाल,उद्यानको व्यवस्थापन गर्ने ।
९. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भै प्रारम्भिक बालविकास तथा शिक्षाको लागि न्यूनतम सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना सँङ्ख्या | ५६५ | ५६५ | ५६५ | ५६५ | ५६५ | ५६५ |
| २ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका प्रारम्भिक बालविकास र शिक्षा केन्द्र | ८३% | ८५% | ८७% | ८९% | ९१% | ९३% |

### ३.१.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप (उदाहरण) | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शिक्षक/सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | वालविकास केन्द्रको कक्षाकोठाको भौतिक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | वालविकास केन्द्रको प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | वाल उद्यान निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | सिकाइ कुना व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३२. आधारभूत शिक्षा

### ३.२.१ वर्तमान अवस्था

| क स | विषय | विवरण तथा सूचकहरु |
|---|---|---|
| १ | कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर | ११५% |

| | | |
|---|---|---|
| २ | समुदायका बालबालिकाको आधारभूत शिक्षामा पहुँच र सहभागिता | ९०% |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका | १०% |
| ४ | आधारभूत शिक्षामा कक्षा दोहोर्याउने दर | १५% |
| ५ | आधारभूत शिक्षामा छाड्ने दर | ८% |
| | आधारभुत तह (कक्षा १-८)शिक्षक विद्यार्थी अनुपात | ११ |
| ६ | न्यूनतम पूर्वाधार तथा सिकाइ सक्षमता भएका आधारभूत विद्यालयको सँख्या | ५०% |
| ७ | स्थानीय तहले गरेका असल अभ्यासहरु | अभिभावक विहिन विद्यार्थीको अभिभावकत्व ग्रहण ,वार्षिक परीक्षा संचालन ,स्थानीय पाठ्यक्रम (१-५)को ब्यवस्थापन ,स्वयंसेवक शिक्षक र गा पा अनुदान शिक्षक ब्यवस्थापन, शिक्षक तालिम, विद्यालय अनुगमन ,अभिभावक शिक्षा ,अतिरिक्त क्रियाकलाप संचालन, विद्यार्थी शिक्षक सम्मान ,आत्मरक्षा सिप विकास कार्यक्रम,शिक्षक दरवन्दी मिलान, विद्यालय समायोजन |
| ८ | प्रमुख समस्या र चुनौतीहरू | निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्न नसकिनु । |
| | | सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने |

| | | |
|---|---|---|
| | | गरी शैक्षिक गुणस्तर कायम नहुन (मुख्य गरि गणित र विज्ञान विषयमा) । |
| | | सवै विद्यालयमा आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित वातारण र प्रविधिमैत्री जनसक्ति ब्यवस्थापन गर्न र सुरक्षित बनाउनु नसकिनु । |

### ३.२.२ उद्देश्य

१. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको कार्यान्वयन गर्नु ।
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु ।
३. सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धी हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु ।(मुख्य गरि गणित र विज्ञान विषयमा)
४. आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी, भयरहित ,प्रविधिमैत्री र सुरक्षित बनाउनु ।

### ३.२.३ रणनीति

१. विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने । Big School निर्माणको अवधारणा पूरा गर्नका लागि आवस्यक कार्य प्रकृया सन्चालन गर्ने ।
२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
३. सबै बालबालिकाहरूमा गणित र विज्ञान विषयमा न्यूनतम सिकाइ उपलब्धी हासिल गराउनका लागि सम्वन्धित विषय अध्यापन गर्ने शिक्षक र विद्यार्थीका लागि तालिम तथा उत्प्रेरणा जगाउने कार्यक्रम सन्चालन गर्ने
४. अभिभावकको चाहना तथा वर्तमान परिवेश अनुसार तल्लोतहका कक्षाहरुमा अंग्रेजी माध्यमका कक्षाहरु सन्चालन हुने वातावरण निर्माण गर्नु।
५. प्रारम्भिक कक्षाहरूमा पठन तथा गणितीय सीप प्रबर्द्धन गर्ने ।
६. सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने ।

७. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
८. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने ।
९. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने ।
१०. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने ।
११. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने ।
१२. विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने ।
१३. विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, स्थानीय भाषाको उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने ।
१४. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।
१५. विद्यालय शिक्षामा सूचना तथा प्रविधिको प्रयोग गरी समय सापेक्ष बनाउने कार्यलाई विस्तार गर्ने ।
१६. दैनिक जीवनसँग सम्बन्धित व्यवहारिक सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने ।
१७. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।
१८. विद्यालयहरुमा वालउद्यान, करेशावारी, फूलवारी, वृक्षारोपण जस्ता वातावरण संरक्षण गर्ने कार्यक्रम सन्चालन गर्ने ।
१९. अति गरिव विपन्न अभिभावक विहिन र छात्राहरुका लागि प्रोत्साहन छात्रवृतिको ब्यवस्था गर्ने ।
२०. दरवन्दी र सिकाइ उपलब्धि कम भएका विद्यालयहरुमा अतिरिक्त कक्षाको ब्यवस्था गर्ने ।
२१. जीवन उपयोगी सिप र सिकाइलाई जोडी विद्यार्थी मूल्याङ्कनको ब्यवस्था गर्ने ।
२२. गणीत र विज्ञान विषयको उपलब्धि वृद्धिकालागि थप कार्यक्रम सन्चालन गर्ने ।
२३. विद्यालयहरुमा अतिरिक्त तथा सहक्रियाकलापमा जोड दिने ।
२४. विद्यालयहरुलाई शैक्षिक उपलब्धि वृद्धिका लागि योजना निर्माण र त्यसको कार्यान्वयन गर्न उत्प्रेरित गर्ने ।
२५. विद्यालय अनुगमन कक्षा अवलोकन र शिक्षक सहायता जस्ता कार्यक्रमहरुलाई प्रभावकारी वनाउने ।
२६. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षणका साथै जङ्क फुडको प्रयोगलाई कम गरि स्थानीय अर्गानिक खाद्य पदार्थ प्रयोग गरि विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्ने ।

२७. आपतकालिन परिस्थितिमा सिकाइ गतिविधि सन्चालनका लागि विद्यार्थी शिक्षक र अभिभावकको क्षमता विकास गर्ने साथै अभिभावकको विद्यालय प्रतिको सकारात्मक धारणा अभिवृद्धिका लागि अभिभावक शिक्षा कार्यक्रम सन्चालन गर्ने ।

२८. विद्यार्थीको स्वास्थ्य तथा सर्वाङगिण विकासका लागि खेलकुद तथा योग शिक्षा कार्यक्रमहरु सन्चालन गर्ने ।

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको तथा गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा**

| क्रस | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालय बाहिर रहेका बालबालिका | १२% | ७% | ५% | ३% | २% | १% |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी र तालिम प्राप्त शिक्षकको सँख्या | विद्यार्थी १३१३ शिक्षक १५८ मध्ये TPD तालिम लिएको ६५ | TPD तालिम लिएको शिक्षक ६५ | TPD तालिम लिएको शिक्षक ७५ | TPD तालिम लिएको शिक्षक ९० | TPD तालिम लिएको शिक्षक १०५ | TPD तालिम लिएको शिक्षक १२५ |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड (Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सँख्या | ८ | ८ | १० | १२ | १४ | १५ |
| ४ | समतामूलक पहुँच र सहभागिता | ९० | ९० | ९२ | ९४ | ९६ | ९८ |
| ५ | कम उपलब्धि भएका विषयको सिकाइ उपलब्धि | ४२ | ४२ | ४६ | ५० | ५५ | ६२ |

### ३.२.५ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | गणित र विज्ञान विषयमा न्यूनतम सिकाइ उपलब्धी हासिल गराउनका लागि सम्वन्धित विषय अध्यापन गर्ने शिक्षक र विद्यार्थीका लागि तालिम तथा उत्प्रेरणा जगाउने कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | वालउद्यान, करेशावारी, फूलवारी, वृक्षारोपण जस्ता वातावरण संरक्षण गर्ने कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ८ | विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने । | पटक | १ | १ | १ | १ | १ | ५ | |

# ३३. माध्यमिक शिक्षा

## ३.३.१ वर्तमान अवस्था

*निम्न विषय क्षेत्रहरुको आधारमा आफ्नो स्थानीय तहको माध्यमिक शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गर्नुहोस् ।*

- माध्यमिक शिक्षामा विभिन्न समूह र समुदायका बालबालिकाको पहुँच र सहभागिताको अवस्था

  माध्यमिक तह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दरः ७०.८

  माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दरः ३२.७

  कक्षा ९-१२ मा कक्षा छाडने विद्यार्थी संख्याः १६

  कक्षा ९-१२ मा कक्षा दोह्यर्याउने विद्यार्थी संख्याः २४

  माध्यमिक तह (कक्षा ९-१२)शिक्षक विद्यार्थी अनुपातः २५

विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या ।

- माध्यमिक शिक्षा (कक्षा १०) सिकाइ उपलब्धी/परीक्षाको नतिजा विश्लेषण ।

  नेपालीः ६८

  अंग्रेजीः ६१

  गणीतः ५१

  विज्ञानः ५७
- शिक्षक आपूर्ति तथा व्यवस्थापन ।

- समुदायको सहभागिता तथा साझेदारीताको अवस्था ।
- स्थानीय तहले गरेका असल अभ्यासहरुः पहुँच ,संस्थागत सुदृढीकरण ,सहभागिता , ,वातावरण संरक्षण ,बैकल्पिक व्यवस्थापन सिकाइ ,परीक्षा सञ्चालन ,शिक्षक व्यवस्थापन विद्यार्थीहरुको प्रतिभा पहिचान तथा अतिरिक्त ,सिकाइ सामाग्रीहरुको व्यवस्थापन क्रियाकलापका कार्यक्रमहरु आदि ।
- प्रमुख समस्या र चुनौतीहरू

**३.३.२ उद्देश्य**

१. माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु ।

३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४. राष्ट,राष्टियता,देशभक्तिपूर्ण, स्थानीय तथा मैलिक कला संस्कृतिको शंरक्षण तथा नैतिक आचरण अवलम्वन गर्ने विद्यार्थी तयार गर्ने ।

**३.३.३ रणनीति**

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।

२. विद्यार्थीलाई विद्यालयमा पहुँच सहभागिता र गुणस्तर अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

३. विद्यालय वाहिर रहेका बालबालिकाहरुका लागि बैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने ।

४. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।

५. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने ।

६. शिक्षक पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने

७. शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने ।

८. शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।

९. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने ।

१०.विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ।

११.कक्षा ९-१२ मा प्राविधिक विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधारसहितको व्यवस्था गर्ने ।सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।

१२.आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

१३.जीवन उपयोगी सिप र सिकाइलाई मूल्याङकन सङ्ग जोडने प्रणालीको विकास गर्ने ।

१४.अति गरिव विपन्न अभिभावक विहिन तथा छात्राहरुका लागि छात्रवृति प्रोत्साहन कार्यक्रम सन्चालन गर्ने ।

१५.कम सिकाइ उपलब्धि भएका गणीत र विज्ञान विषयको उपलब्धि वृद्धिका लागि कार्यक्रम सन्चालन गर्ने ।

१६.विद्यालयहरुमा अतिरिक्त तथा सहक्रियाकलापलाई जोड दिने ।

१७.विद्यालय अनुगमन कक्षा अवलोकन र शिक्षक सहायतालाई प्रभावकारी वनाउने ।

१८.विद्यालयहरुले यथार्थ धरातल अनुसारको योजना निर्माण तथा कार्यान्वयन गर्ने कार्यलाई प्रभावकारी वनाउने ।

१९.हाल सन्चालनमा रहेका प्राविधिक धार सन्चालित विद्यालयमा विद्यार्थीको आकर्षण वढाउने कार्यक्रम सन्चालन गर्ने ।

२०.विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने साथै जङ्क फुडलाई विद्यालयमा कम गरि विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने ।

२१.विपदको समयमा शैक्षिक गतिविधि सन्चालन गर्न विद्यार्थी शिक्षक तथा अभिभावकको क्षमता विकास गर्ने साथै अभिभावकलाई विद्यालय प्रति सहयोग र सकारात्मक भावनाको विकास गर्न अभिभावक शिक्षा कार्यक्रम सन्चालन गर्ने ।

२२.विद्यालयहरुमा विद्यार्थी तथा शिक्षकका लागि खेल तथा योग शिक्षा कार्यक्रमहरु सन्चालन गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**नतिजा**

| क्रस | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | ९२३ | ९२३ | ९२३ | ९२३ | ९२३ | ९२३ |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | ३३६ | ३३६ | ३३६ | ३३६ | ३३६ | ३३६ |
| ३ | न्यूनतम सिकाइ सवलीकरण मापदण्ड | ४ | ४ | ५ | ६ | ७ | ७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (Minimum Enabling Conditions) पूरा गरेका माध्यमिक विद्यालय सँख्या | | | | | | |
| ४ | विद्यार्थीको शैक्षिक उपलब्धि | ५९ | ५९ | ६४ | ६९ | ७४ | ७९ |

### ३.३.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षक व्यवस्थापन तथा शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | गुणस्तर अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.४.१ वर्तमान अवस्था

यस पूर्वखोला गाउँपालिका दुइवटा सामुदायीक सिकाइ केन्द्रहरु सन्चालनमा छन ।राज्यको पुर्नसंरचना हुनुपूर्व सामुदायीक सिकाइ केन्द्र मार्फत गाउँगाउँमा विभिन्न समूहको निर्माण गरि शाक्षरता शिक्षा तथा समूह मार्फत आयआर्जनका कार्यक्रमहरु संचालनमा थिए ।विषेश गरि १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरुलाई साक्षरता कक्षाको माध्यमवाट साक्षर वनाइ साविकको सवै गाउँ विकास समितिहरु शाक्षर घोषणा गरिनुका साथै महिला समूहमा आयआर्जनका कार्यक्रमहरु सन्चालनमा थिए ।राज्यको पुर्नसंरचना पछि अनौपचारिक शिक्षा र आजीवन सिकाइका कार्यक्रहरु न्यून रुपमा संचालन भए ।सामुदायीक सिकाइ केन्द्रहरुको सेवा क्षेत्र फरक पर्नु र सिकाइ केन्द्रहरुलाई आजीवन सिकाइका कार्यक्रम संचालनका लागि संघिय सरकार र स्थानीय सरकारवाट वजेट विनियोजन नभएका कारण सिकाइ केन्द्रहरुवाट कार्यक्रहरु संचालन हुन सकेनन् ।केही वर्ष सिकाइ केन्द्रका परिचालकहरु विद्यालयमा समेत कार्यरत रहे । हाल आएर सिकाइ केन्द्रहरुले पहिले गठित समुहहरुलाई पुन संचालनमा ल्याई आजिवन सिकाइ तथा आय आर्जन सगँ सम्वन्धित कार्यक्रम संचालन गरिरहेका छन तर प्रयाप्त कार्यक्रमहरु संचालनका लागि वजेटको अभाव देखिन्छ ।

- चुनौतीहरू तथा अवसरहरू

  १. पालिका भित्र आवश्यक संख्यामा सामुदायीक सिकाइ केन्द्रहरु नहुनु ।

  २. शाक्षरता कक्षा आजिवन सिकाइ तथा सिपमुलक आय आर्जन कार्यक्रम सन्चालनका लागि प्रयाप्त वजेट नहुनु ।

### ३.४.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने ।

२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ३.४.३ रणनीति

१. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।

२. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघसंस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने ।

३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।

४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालयहरूको सुदृढीकरण गर्ने ।

५. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।

६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुने छन् ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथि) * (%) | ७६ | ७८ | ७८ | ८० | ८३ | ८५ |
| २ | भाषिक तथा गणितीय साक्षरता सीप (१५ वर्ष भन्दा माथिका महिला) (%) | ८४ | ८४ | ८६ | ८८ | ९० | ९२ |
| ३ | आधारभूत सुविधासम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | २ | २ | ३ | ४ | ५ | ६ |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | ० | ० | १ | २ | ४ | ६ |

### ३.४.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | निरक्षरहरूको तथ्याङ्क संकलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | ० | ० | ० | १ | २ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १ | २ | १ | १ | १ | ६ | |
| ३ | सामूदायिक सिकाइ केन्द्रको स्थापना सुदृढीकरण | वटा | १ | १ | १ | १ | ० | ४ | |
| ४ | सामूदायिक पुस्तकालयको सँख्या | वटा | २ | १ | १ | १ | १ | ६ | |

# परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू (Cross-cutting Subjects and Areas) ले विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गर्न सक्षम बनाउने कारकका रूपमा काम गरेका हुन्छन् । शिक्षा योजनामा शिक्षक व्यवस्थापन तथा पेशागत विकास; समता तथा समावेशीकरण; स्वास्थ्य, पोषण तथा दिवा खाजा; आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा ;शिक्षामा सूचना तथा सञ्चार प्रविधि; विद्यालय भौतिक विकास जस्ता अन्तरसम्बन्धित विषयहरू महत्त्वपूर्ण हुन्छन् । हुन त अघिल्लो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरूको योजनाको खाका प्रस्तुत गर्ने क्रममा सम्बन्धित अन्तरसम्बन्धित विषयका कतिपय पक्षहरू केही हदसम्म उल्लेख भैसकेका छन् ।तथापि यी अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग तिनीहरूको अन्तरसम्बन्धका बारेमा थप स्पष्टता आवश्यक देखिन्छ । यसै

**सन्दर्भमा यस यस परिच्छेदमा समावेश गरिने उपक्षेत्रहरुलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा, र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी ५ वटा उपशिर्षकमा विभाजन गरि विश्लेषण गरिएको छ ।**

## ४.१ पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

यस पूर्वखोला गाउँपालिकाले आफ्नो क्षेत्र भित्र दुई माध्यमको शिक्षा सामुदायीक विद्यालयहरुमा संचालन गर्दै आएको छ ।नेपाली माध्यमका कक्षाहरुमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको पाठ्यक्रम र सोही वमोजिमका नेपाल सरकारकारले तयार गरेको पाठ्यपुस्तकहरु संचालनमा रहेका छन भने अंग्रेजी माध्यमका कक्षाहरुमा नेपाल सरकारवाट अनुमित तथा मान्यताप्रास पाठ्यपुस्तकहरु प्रयोगमा ल्याइएको छ ।पाठ्यक्रम सन्दर्भ सामाग्री लगायत शिक्षकका लागि आवश्यक सामाग्रीहरु पाठ्यक्रम विकास केन्द्रको वेव साइड प्रयोग गरि शिक्षकहरुले प्रयोग गर्ने ब्यवस्था मिलाइएको छ भने विद्यार्थीहरुलाई शैक्षिक सत्र सुरु भएको पहिलो हप्ता भित्रै वितरण गर्ने ब्वयवस्था मिलाइएको छ । पाठ्यक्रमले तोके अनुरुप विद्यार्थीहरुको मूल्याङकन गर्ने ब्यवस्थापन गरिएको छ । विषयवस्तु अनुसार स्थानीय तहमा उपलब्ध हुने Low Cost का शैक्षिक सामाग्री विद्यालयले विद्यार्थी शिक्षक तथा अभिभावकको सहयोगमा तयार गरि प्रदर्शनी र प्रयोग गर्ने गरिएको छ ।विद्यार्थी मूल्याङकनमा आन्तरिक तथा वाह्यय परीक्षाका साधनहरु प्रयोग गरिएता पनि पाठ्यक्रम परिमार्जन सँगै शिक्षकको क्षमता विकास कार्यक्रम नआएका कारण आनतरिक मूल्याङकन मर्म अनुसार हुन सकेको छैन । विद्यार्थीको आन्तरिक मूल्याङकनमा केही समस्या देखीय पनि अन्य मूल्याकन प्रक्रियामा समस्या देखिएको छैन ।

यस गाउँपालिकाले कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यक्रम तयार गरि कार्यान्वयन गरेको छ । विद्यार्थीका लागि पाठ्यपुस्तक तयारी गर्ने कार्य समेत अगाडी वढाइएको छ । कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यक्रममा प्राकृतिक स्रोत रैथाने ज्ञान सिप स्वास्थ्य वातावरण संरक्षण कृषि विपद जोखिम जस्ता महत्वपूर्ण ९ वटा विषय क्षेत्रहरु समेटिएको छ । कक्षा ६ ८ मा स्थानीय विषयको रुपमा आजको युगमा कम्प्युटर र आई टि को आवश्यकतालाई मध्यनजर गर्दै कम्प्युटर विषय अध्यापन भई रहेको छ ।

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।

### ४.१.३ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने ।

२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने ।

३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने ।

४. विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने ।

६. माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहु भाषा प्रयोग गर्ने ।

७. विद्यालमा आधारित सहयोग पद्धति विकास गर्ने ।

८. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने ।

९. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने ।

१०. स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने ।

११. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिताजलवायु ,हरित विद्यालय निर्माण ,लैङ्गिक पक्ष , थ समावेश गर्ने ।वातावरण संरक्षण जस्ता विषयवस्तुहरुलाई प्राथमिकताका सा ,परिवर्तन

१२. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने ।

१३. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने ।

१४. विद्यार्थीको आन्तरिक मूल्याङकनलाई सोको मर्म अनुसार गर्ने वातावरण तयार गर्ने ।

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि तथा नतिजा**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।

३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

### ४.१.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शैक्षिक सामाग्री निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

यस स्थानीय तहमा संघिय सरकारले उपलब्ध गराएको प्राथमिक निम्न माध्यमिक माध्यमिक र साविक उमावि तहमा कार्यरत स्थायी अस्थायी करार राहत र अनुदानमा कार्यरत शिक्षकहरु कार्यरत छन ।यसका अलावा वालविकासमा कार्यरत शिक्षक गा पा अनुदानमा कार्यरत र स्वयंसेवक शिक्षकहरु साथै विद्यालयको स्रोतमा कार्यरत शिक्षकहरु छन । गाउँपालिकाको जनसंख्या र जन्म दर घटदो क्रममा रहेकाले विद्यालयमा विद्यार्थी भर्नाको अवस्था प्रति वर्ष घटदो क्रममा रहेको छ ।विद्यालयमा विद्यार्थी संख्या कम भई विद्यालयहरु क्रमिकरुपमा मर्ज भइरहेको अवस्था छ ।शिक्षकको पेशागत क्षमता विकासका लागि छोटो अवधिको तालिम सन्चालन भए पनि प्रयास मात्रामा हुन सकेको छैन ।समय समयमा शिक्षक तयारी कक्षा समेत सन्चालनमा गरिएको छ । शिक्षकहरुलाई शिक्षण सिकाई क्रियाकलापमा सहयोग पुर्याउने कार्य तथा नमूना कक्षाका साथै कक्षा अवलोकन आवश्यक मात्रामा हुन सकेको छैन ।विद्यालयमा शिक्षक कर्मचारी लामो विदामा रहदा स्वयंसेवक शिक्षकको ब्यवस्थापन गाउँपालिकाले गर्दै आएको छ ।हाल यस गाउँपालिकामा तपसिल वमोजिम शिक्षकहरुको कार्यरत हुनुहुन्छ ।

| वालविकास | | प्राथमिक तह | | निम्न माध्यमिक | | माध्यमिक तह | | साविक उमावि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संघिय अनुदान | गा पा अनुदान | संघिय अनुदान | गा पा अनुदान | संघिय अनुदान | गा पा अनुदान | संघिय अनुदान | गा पा अनुदान | संघिय अनुदान | गा पा अनुदान | संघिय अनुदान | गा पा अनुदान |
| ४१ | २४ | १५८ | १९ | ३७ | ४ | ३२ | २ | १४ | २ | २८२ | ५१ |

- स्थानीय तहमा शिक्षक व्यवस्थापन र विकासको अवस्था
- शिक्षण पेसाप्रति आकर्षण र नियुक्ति
- शिक्षक तयारी
- शिक्षण सिकाइ क्रियाकलाप
- शिक्षकको पेशागत तथा क्षमता विकास कार्यक्रम
- शिक्षक पेसागत सहयोग पद्धति
- शिक्षकको आपूर्ति र वितरण

- चुनौती र अवसरहरू

### ४.२.२ उद्देश्य

१. विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु ।
३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु ।

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा व्यवस्थापन गर्ने ।
२. रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरुको व्यवस्थापन गर्ने ।
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सँगको समन्वयमा शिक्षण सीप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने ।
४. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ।
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने ।
६. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. दरवन्दी मिलान सम्पन्न भै विषयगत र कक्षागत रुपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
२. शिक्षकहरुलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | ६५ | ६५ | ६५ | ६५ | ६५ | ६५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | ९८ | ९८ | ९९ | ९९ | ९९ | ९९ |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | ५० | ५० | ६० | ७० | ८० | ९० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ |

### ४.२.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | शिक्षक नियुक्ति | निरन्तर | १ | २ | १ | १ | १ | ५ | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ५ | सूचना तथा प्रविधिसम्बन्धी नूनतम सक्षमता विकास | | | | | | | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

यस गाउँपालिकामा ३६ वटा विद्यालय ५वटा समुदायमा आधारित वाल विकास केन्द्र र १ वटा कलेज संचालनमा छन ।उल्लेखित शैक्षिक संस्थाहरुमा विधिन्न जातजाति धर्म भाषिक तथा लैङगिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दछन । जसमध्ये मगर भाषिक विद्यार्थीहरुको वाहुल्यता रहेको छ ।विद्यालयहरुमा शारिरीक मानसिक तथा वैद्धिक र सामाजिक हिसावले फरक क्षमता भएका वालवालिका समेत अध्ययनरत छन । अपाङ्गता तथा फरक क्षमता भएका वालवालिकाहरुको शिक्षामा पहुचका लागि अपाङ्गता तथा गैरआवासिय छात्रवृति प्रदान गर्ने गरिएको छ । लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्न साथै सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नका लागि अभिभावक विहिन वालवालिका र कक्षा ११ र १२ मा अध्ययनरत छात्रा विद्यार्थीका लागि छात्रवृति प्रदान गरिएको छ ।विद्यालयमा सिकाइ वातावरण सुधार गरि अपेक्षित उपलब्धि हाशिल गर्नका लागि निरन्तर प्रयासहरु भई रहेका छन ।समयमै विद्यार्थीको हातमा पुस्तक पुर्याउने, शिक्षकहरुका लागि अनलाइन तथा

अफलाइन माध्यमवाट शिक्षक निर्देशिका र अन्य सहयोगी सामाग्रीको ब्यवस्थापन गर्न शिक्षक तालिम सन्चालन गरिएको । जनसंख्या तथा विद्यार्थी संख्या प्रतिवर्ष घटदो क्रममा रहेकाले विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको ब्यवस्थापन गरिएको ।साथै अनुपातमा विद्यार्थी संख्या वढि भएका विद्यालयहरुलाई गाउँपालिका शिक्षक अनुदानको ब्यवस्थापन गरिएको ।

आर्थिक हिसावले कमजोर रहेका घरपरिवारका वालवालिका शिक्षाको पहुचमा आए पनि उनिहरुको सिकाइ निरन्तरता भने कमजोर देखिन्छ ।यस गाउँपालिकाले शैक्षिक समता तथा पहुच अभिवृद्धिका लागि धेरै महत्वपूर्ण कार्यहरु गरेता पनि अझै सम्म सवै वालवालिकाको माध्यमिक तह सम्म समान पहुच भने पुग्न सकेको छैन ।

### ४.३.२ उद्देश्य

१. लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.३ रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पुरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने । यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पुरा गर्ने ।
२. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गरी विशेष कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने ।
३. छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने ।
४. कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने ।
५. विद्यालयमा सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्षित महिनावारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने ।
६. आाधारभूत तहमा मातृभाषा तथा वहुभापिक सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने ।

७. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण ,इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने ।
८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, वहिष्करण र हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- लक्षित समूहका बालबालिकाको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भै सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| | शिक्षामा समता र समावेशीकरण | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सँख्या | १०.७ | १०.७ | १०.४ | ८.८ | ६.९ | ५.९ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ४९ | ५०.७ | ५०.६ | ५०.४ | ५०.३ | ५० |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.८८ | ०.८७ | ०.८६ | ०.८५ | ०.८४ | ०.८३ |

### ४.३.४ प्रमुख क्रियाकलाप र लक्ष्य

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरूबिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ५ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | विद्यार्थी सङ्ख्या | सवै | सवै सवै | सवै | सवै | सवै | सवै | |
| ६ | अपाङ्गतामैत्री विद्यालय सँख्या | २० | २२ | २६ | २८ | ३० | ३२ | ३४ | |

## ४.४ दिवा खाजासहित पोषण तथा स्वास्थ्य र सरसफाइ कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

यस गाउँपालिकाका सवै विद्यालयको वालकक्षा देखि कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीका लागि नेपाल सरकारले प्रदान गरे वमोजिम वमोजिम दिवा खाजाको ब्यवस्थापन विद्यालयहरुले गरिरहेका छन ।कक्षा ६ देखि माथी विद्यार्थी स्वयंले खाजाको ब्यवस्थापन गर्दछन ।सवै विद्यालयहरुमा छात्र र छात्राका लागि अलग अलग शैचालय निर्माण भई प्रयोगमा रहेको अवस्था छ ।कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राको महिनावारी स्वच्छता ब्यवस्थापनका लागि निशुल्क सेनेटरी प्याडको वितरण कार्यक्रमलाई प्रभावकारी वनाउदै लगिएको छ ।सवै विद्यालयको लागि प्राथमिक उपचार वाकसकाको ब्यवस्थापन गरि स्षास्थ्य चौकीवाट प्राथमिक उपचार सामाग्रीको ब्यवस्थापन गरिएको ।वालिकाहरुलाइ आइरन फोलिक एसिड चक्कीको तथा भिटामिन ए को ब्यवस्थापनका साथमा स्वास्थ्य शाखाको संयोजनमा आ वि र मा वि हरुमा स्वास्थ्य सरसफाई तथा पोषण सम्वन्धि कक्षा आवश्यकता अनुसार संचालन गरेको ।

समग्रमा स्वास्थ्य सरसफाइ पोषण र दिवा खाजाको अवस्था राम्रो भएपनि दिवा खाजाको रकम कम र ५ कक्षा सम्म मात्र भएकाले सवै विद्यार्थीलाइ पोषण युक्त खाजाको ब्यवस्थापन गर्न चुनौति रहेको छ ।

### ४.४.२ उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने ।

२. दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधाहरु विस्तार गर्ने ।

३. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

४. विद्यालयहरूमा प्राथमिक उपचार किट, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने ।

५. दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित बस्तुहरुलाई प्राथमिकता दिने ।

६. दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने ।

७. दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | वालविकास देखि कक्षा ५ | वालविकास देखि कक्षा ५ | वालविकास देखि कक्षा ६ | वालविकास देखि कक्षा ७ | वालविकास देखि कक्षा ८ | वालविकास देखि कक्षा ८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | ९० | ९० | ९२ | ९४ | ९६ | १०० |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सँख्या | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ६ | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | १ | २ | ३ | ४ | ५ |

### ४.४.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य )५ वर्ष( | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | दिवा खाजाको लागि चाहिने खाद्य सामाग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ९ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याडको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १० | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र शुक्ष्मपोषक तत्त्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | |

## ४.५ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

### ४.५.१ वर्तमान अवस्था

हालसम्म यस गाउँपालिकाका सवै विद्यालयका वाहिरी वातावरण र कक्षाकोठा भौतिक हिसावले वालमैत्रि र सुरक्षित वनाउन सकिएको छैन ।२०७२ सालको भूकम्प,कोभिडको माहामारी तथा स्थानीय स्तरमा हुने आगलागि वाढी पहिरो हुरीवतास असिना जस्ता जोखिमवाट वच्न तथा न्यूनिकरण र उत्थानसिलताका लागि स्थानीय स्तरवाट पहलहरु भई रहेका छन ।कोभिड माहामारीको अवस्थामा सम्भावित शैक्षिक क्षतिलाइ कम गर्न यस गाउँपालिकाले टोल शिक्षा र रेडियो कक्षा अनलाइन परियोजना पाठहरु समेत सन्चालन गरेता पनि सवै वालवालिकाहरुलाई त्यसमा समेटन सकिएको थिएन । यस्ता प्रकोप तथा चुनौतिहरुको सामना गरि शैक्षिक क्षतिलाई कम गर्न आफूसगँ भएको स्रोत साधनको अवस्था त्यसको ब्यवस्थापन र जिम्मेवारीलाइ विषेश ध्यान दिनु पर्ने देखिन्छ ।

### ४.५.२ उद्देश्य

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु ।
२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.५.३ रणनीति

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।

२. सम्भावित प्रकोप तथा विपद्सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने

३. कोभिड- १९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।

४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने ।

५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने ।

७. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

८. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने ।

९. विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपद् व्यवस्थापन तथा विपद् जोखिम नयुनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्ष सम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने

१०. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।

११. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

### ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ।

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरुको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा**

| क्र सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सँख्या | २० | २० | २५ | ३० | ३२ | ३६ |
| २ | फूलवारी सहितको हरित विद्यालय सँख्या | १५ | १५ | २० | २५ | ३० | ३६ |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने विद्यालय सँख्या | १० | १० | १८ | २५ | ३१ | ३६ |

## ४.५.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | |
| २ | स्थानीय तह र विद्यालयको क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्स्थापना तथा उत्थानशीलताको लागि सचेतना कार्यक्रम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शिक्षक तथा वि व्य स तालिम | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

# ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

## ४.६.१ वर्तमान अवस्था

यस गाउँपालिकामा हाल ३६ वटा सामुदायीक विद्यालय ५ वटा समुदायमा आधारित वालविकास केन्द्र र २ वटा सामुदायीक सिकाइ केन्द्रहरु रहेका छन ।यस क्षेत्रको वसाइ सराइको अवस्था,जनसंख्याको वृद्धि दर तथा जन्मदरको अवस्था विश्लेषण गर्दा केही विद्यालयहरु वाहेक भौतिक संरचना प्रयास्त देखिएता पनि उक्त भौतिक संरचना वालमैत्री अपाङगमैत्री र क्रियाकलापमैत्री छैनन र विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुरुपका छैनन।साथै धेरै जसो विद्यालय भवनहरु तथा शौचालय पुर्ननिर्माण गर्नुपर्ने अवस्थामा पुगेका छन ।विद्यार्थी संख्या कम भएका कारणले विद्यालयहरु मर्ज हुदै गएका छन ।मर्ज भएको विद्यालयको भौतिक सम्पति प्रयोग हुन सकेको छैन । घटदो विद्यार्थी संख्याका कारणले यस स्थानीय तहले विग स्कूल निर्माणको अवधारणा अगाडी सारे पनि कार्यान्वयनमा लान सकेको छैन ।केही विद्यालयहरुमा छात्रावासका लागि आवश्यक भवन निर्माण हुन सकेको छैन ।

## ४.६.२ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास , मर्मत संभार तथा सबलीकरण गर्नु ।
३. जलवायु परिवर्तनका असरहरूबाट सुरक्षित हुन Climate Smart Infrastructure बनाउन परामर्श गर्नु ।

## ४.६.३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि संघिय प्रदेश तथा स्थानीय स्रोतको साझेदारीमा सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुर्ननिर्माण एवम् मर्मत संभार गर्ने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

## ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने।
२. विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री क्रियाकलापमैत्री र सुरक्षित हुने ।

### नतिजा

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय | २० | २० | २५ | ३० | ३२ | ३६ |
| २ | छात्रावास सहितको नयाँ निर्माण गर्नु पर्ने विद्यालय सँख्या | ० | ० | १ | २ | ४ | ६ |
| ३ | सबलीकरण गर्नु पर्ने कक्षाकोठा सँख्या | ५० | ५० | २० | ३० | ४० | ५० |
| ४ | नयाँ निर्माण तथा मर्मत गर्नु पर्ने शौचालय सँख्या | ० | ० | १० | १५ | २० | २५ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नु पर्ने विद्यालय सँख्या | ५ | ५ | १० | २० | ३६ | ३६ |

## ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालय भवन निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |
| २ | विद्यालयहरूको सबलीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | पटक | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | पटक | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | अपाङ्ता मैत्री संरचना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रूजुसूची भर्ने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | आ अनुसार |
| ८ | छात्रावास सहितको नयाँ निर्माण गर्नु पर्ने विद्यालय सँख्या | संख्या | ० | १ | २ | ४ | ६ | ४ | आ अनुसार |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ वर्तमान अवस्था

यस गाउँपालिकाका सवै विद्यालयहरुका १ थान कम्प्युटर ,१ थान प्रिन्टर र इन्टरनेटको सुविधा विस्तार गरिएको भए पनि विकट भूगोलका कारण केही विद्यालयहरुले इन्टरनेटका लागि सिम राखे राउटरको प्रयोग गरिरहेका छन ।आधारभूत तथा माध्यमिक विद्यालयहरुमा शिक्षकहरुका लागि ल्यापटप र डेस्कटपको ब्यवस्थापन भए पनि जनशक्ति (Trained Teacher) तथा तालिमको अभावमा प्रयोग नभएको अवस्था छ । सवै माध्यमिक विद्यालयहरुमा IT ल्यावको ब्यवस्था भएता पनि प्रयाप्त मात्रामा आवश्यक सामाग्री नहुनु भएका सामाग्रीहरु पनि पुराना हुनुले समस्या थपिरहेको देखिन्छ । विद्यालयहरु लाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण तथा विकास गरेका Digital material (Learning Portal) र तिनीहरूको प्रयोगका वारेमा निरन्तर रुपमा निर्देशित गरिएको छ तथापी प्रयोगका वारेमा राम्रो अनुगमन हुन सकेको छैन ।सवै विद्यालयहरुले विद्यालयको तथ्याङ्क ब्यवस्थापनका लागि IEMIS को प्रयोग र गाउँपालिकामा वुझाउने डकुमेन्टहरु मेल वाट प्राप्त गर्ने रिसिभ गर्ने गरेको अवस्था छ ।तथापी भरपर्दो इन्टरनेट कनेक्टिभिटि ,सूचना तथा संचार प्रविधको संरचना पुर्याउन ,क्षमता विकास गर्न र विभिन्न किसिमका अपाङ्गता भएकाहरुका लागि उपयूक्त सामाग्रीको विकास गर्ने कार्य चुनौतिको रुपमा रहेको छ ।

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुर्‍याउनु ।

२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु ।

### ४.७.३ रणनीति

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्वन्धमा सबै शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने ।

३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने ।
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने ।
६. कम्प्युटर लाइब्रेरी तथा डिजीटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीहरूको उचित प्रवन्ध र प्रयोग गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगवाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगवाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

| क सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | Internet connectivity भएका विद्यालयको सँख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सँख्या | १५ | १५ | २० | २५ | ३० | ३६ |
| ३ | मुख्य विषयहरूमा डिजिटल | ७ | ७ | १० | १२ | १४ | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ५ | विद्युतको पहुँच पुगेका विद्यालय सँख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |

## ४.७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विद्यालयमा ICT संरचना विस्तार गरी ईलाइब्रेरी स्थापना | वटा | ५ | ८ | १० | १२ | १५ | १५ | |
| २ | प्रत्येक विद्यालयमा Internet Connectivity को व्यवस्था | वटा | ३५ | ० | ० | ० | ० | ३५ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्रत्येक विद्यालमा अन्तरक्रियात्मक डिजिटल सामग्रीको उपलब्धता | वटा | ५ | ८ | १० | १२ | १५ | १५ | |
| ५ | IEMIS व्यवस्थापन | निरन्तर | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ | सवै विद्यालय |

# परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्वजिम्मेवारी ,पारदर्शिता , बोध वा जवाफदेहीपन, विधिको शासन समता , उन तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुर्‍या तयार गरिएकासंरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा विभाजन गरि विश्लेषण गरिएको छ ।

## ५.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका विषयगत शाखाहरु मध्ये शिक्षा,युवा तथा खेलकुद सम्वन्धी काम वर्तमान ब्यवस्था अनुसार शिक्षा,युवा तथा खेलकुद शाखाले गर्दै आएको छ।संस्थागत संरचना अनुसार शिक्षा अधिकृत र प्राविधिक सहायकको र स्रोत विज्ञको दरवन्दीको ब्यवस्थापन शिक्षा शाखामा रहने गर्दछ । कर्मचारीको पदपूर्ति नभएको अवस्थामा विगतका वर्षहरु देखि शिक्षा क्षेत्रको अनुभवि शिक्षक तथा कर्मचारीहरुवाट शिक्षा शाखाको कार्य सन्चालित छ ।गाउँपालिका भित्र रहेका सवै सामुदायीक विद्यालयहरुमा सूचना सम्प्रेषण, आवश्यक प्राविधिक सहयोग ,वैठक, कार्यक्रममा सहभागिता कार्यक्रम सन्चालन आर्थिक

श्रेस्ताको अभिलेखिकरण लगायतका कार्यहरु सम्पन्न गर्नुपर्ने तर सोही वमोजिमको कर्मचारी ब्यवस्थापन नभएको हुदा अपेक्षाकृत रुपमा ब्यवस्थित वन्न सकेको छैन । देश संघिय संरचनामा गएको तथा तथा शिक्षा सम्वन्धि ऐन कानूनहरु पूरानै भएको अवस्थामा आफूलाई आवश्यक पर्ने ऐन कानून तथा कार्यविधि निर्माण गरि गाउँपालिकाले अगाडी वढेको देखिन्छ ।

सवै विद्यालयहरुमा विद्यालय सन्चालन,रेखदेख र ब्यवस्थापनमा सहयोग गर्नका लागि वि.ब्य.स. र शिक्षक अभिभावक सघँको कार्यकारी समिति रहेका छन ।सवै विद्यालयहरुमा विद्यालय सहयोगी र माध्यमिक तह संचालित विद्यालयमा विद्यालय सहायकको ब्यवस्थापन गरिएको छ ।विद्यार्थी संख्याका आधारमा शिक्षकको ब्यवस्थापन गरि वढि विद्यार्थी भएका तह र संस्थागत विद्यालय समायोजन पछि छुट्टै अंग्रेजी माध्यम सन्चालित विद्यालयलाई कक्षा ब्यवस्थापनका लागि गाउँपालिका शिक्षक अनुदानको ब्यवस्था गरिएको छ ।आधारभुत तह कक्षा (६-८) र माध्यमिक तहमा विषयगत शिक्षक नभएका विद्यालयलाई समेत अनुदान शिक्षक उपलब्ध गराइएको छ ।छोटो अवधिको तालिम संचालन गरि विद्यालयका शिक्षकहरुको क्षमता विकासका तालिमहरु संचालन हुदै आएका छन ।

विद्यालयमा रहेका विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक सघँको भूमिका केही विद्यालयमा वाहेक धेरैमा अपेक्षाकृत रुपमा नरहेको देखिन्छ भने शिक्षक अभिभावक सघँको भूमिका प्राय केही नरहेको देखिन्छ ।

विद्यालयहरुमा दैनिक कक्षा सन्चालनका अलावा गुनासो सुनुवाईको संयन्त्रको विकास,पिटि प्रार्थना,अतिरिक्त क्रियाकलाप,अभिभावक भेला र छलफल, स्वास्थ्य,सरसफाई,स्वच्छ वातावरण ,रेडक्रस स्काउट तथा विद्यालयमा रहेका अन्य समितिहरुको परिचालनमा उपलब्धिमूलक तरिकाले कार्य गरिरहेका छन ।विद्यालयहरुले विद्यालयमा जाने अनुदान वाहेक आफूलाई आवश्यक पर्ने स्रोतसाधनको ब्यवस्थापन जुटाइरहेका छन ।

शिक्षा लाइ सहज सवल चुस्त सेवाउन्मुख र परिणाममूखि वनाउन सुशासन तथा ब्यवस्थापन अत्यन्त महत्वपूर्ण हुन्छ ।पालिकाले शिक्षा क्षेत्रलाई सहज सवल चुस्त सेवाउन्मुख र परिणाममूखि वनाउन धेरै कार्य संचालन गर्दै आएपनि अपेक्षाकृत उपलब्धि हासिल गर्न सकेको छैन ।स्थानीय सरकार संचालन ऐन २०७४ कार्यान्वयनमा आएपछि त्यस वमोजिम तोकिएका २३ वटा कार्य वाहेक जिल्ला तहमा रहेको शिक्षा विकास तथा समन्वय इकाइ र प्रदेश सरकार अन्तरगत रहेको सामाजिक विकास डिभिजन कार्यालयमा कार्यवोझ कम र स्थानीय तहमा काम वढि कर्मचारी कम हुनुका साथै समन्वय सहकार्य र सहसम्वन्धमा कमि भएको देखिन्छ ।

### ५.१.२ उद्देश्य

१. स्थानी तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

### ५.१.३ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।

२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने ।

३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।

४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।

५. प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने।

६. कार्यक्रमको प्रभावकारी ढंगवाट कार्यसम्पादन गर्नको लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमता अभिवृद्धि भै उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि भएको हुनेछ।

३. आवश्यक स्रोत साधनको व्यवस्थापन भै प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।

**प्रमुख नतिजा**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | २ | २ | ३ | ४ | ५ | ६ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ५ | ५ | ७ | ९ | ११ | १३ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने विद्यालय सँख्या | | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ३६ | ३६ | ३६ | ३६ | ३६ | ३६ |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | ० | १ | २ | २ | २ | ७ |

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | आवश्यक कानूनी प्रबन्ध तथा मापदण्ड विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्यांकन गर्ने, गराउने | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

## ५२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको सात वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.१ वर्तमान अवस्था

यस गाउँपालिकामा रहेका विषयगत शाखाहरु मध्ये शिक्षा,युवा तथा खेलकुद सम्वन्धी काम वर्तमान ब्यवस्था अनुसार शिक्षा,युवा तथा खेलकुद शाखाले गर्दै आएको छ।संस्थागत संरचना अनुसार शिक्षा अधिकृत र प्राविधिक सहायकको र स्रोत विज्ञको दरवन्दीको ब्यवस्थापन शिक्षा

शाखामा रहने गर्दछ । कर्मचारीको पदपूर्ति नभएको अवस्थामा विगतका वर्षहरु देखि शिक्षा क्षेत्रको अनुभवि शिक्षक तथा कर्मचारीहरुवाट शिक्षा शाखाको कार्य सन्चालित छ ।गाउँपालिका भित्र रहेका सवै सामुदायीक विद्यालयहरुमा सूचना सम्प्रेषण, आवश्यक प्राविधिक सहयोग ,वैठक, कार्यक्रममा सहभागिता कार्यक्रम सन्चालन आर्थिक श्रेस्ताको अभिलेखिकरण लगायतका कार्यहरु सम्पन्न गर्नुपर्ने तर सोही वमोजिमको कर्मचारी ब्यवस्थापन नभएको हुदा अपेक्षाकृत रुपमा ब्यवस्थित वन्न सकेको छैन ।

यस गाउँपालिकाले वार्षिक रुपमा कार्यक्रम तर्जुमा गरि त्यसको कार्यान्वयनको प्रगति समिक्षा गर्दै आएको छ ।वार्षिक रुपमा तय गरिएका कार्यक्रमहरुलाई आवश्यकताको आधारमा वजेट विनियोजन गर्ने र सोको कार्यान्वयनका लागि आवश्यक ऐन नियम कार्यविधिको निर्माण गरिएको छ ।

वर्तमान परिवेशमा गाउँ शिक्षा योजना निर्माण गरि प्रभाभकारी रुपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति ब्यवस्थापन कानून कार्यविधि निर्माण वजेटको सुनिश्चितता तिनै तहका सरकार विचाको समन्वय र सहकार्य वार्षिक रणनितिक योजना र कार्यान्वयन गोजना निर्माण अनुगमन योजना निर्माण कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी सरोकारवालाहरुलाई कार्यक्रम प्रवोधिकरण जस्ता कार्यक्रमहरु राख्नु पर्ने हुन्छ चुनौतिहरु रहेका छन।

- स्थानीय तहमा कार्यरत जनशक्तिको व्यवस्था
- वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयनको अवस्था
- आवश्यक स्रोत साधनको व्यवस्थापन
- ऐन, नियम, कार्यविधि निर्माण र प्रबोधिकरणको अवस्था
- चुनौती तथा अवसरहरू

### ५.२.२ उद्देश्य

१. गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीति

१. संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने।
७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितितासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।
९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि**

१ गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सुदृढीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

# परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन

**संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नु तीनै तहका सरकारको साझा दायित्व रहेको छ । यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ । संवैधानिक व्यवस्थाबमोजिम**

विद्यालय शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको साझेदारी आवश्यक छ । नेपालको संविधानअनुसार स्थानीय तहको वित्तीय स्रोतका लागि संघीय स्रोतबाट सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान र विशेष अनुदानको प्रबन्ध गरिएको छ । समानीकरण अनुदान ,विशेष अनुदान र समपूरक अनुदान संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ भने सशर्त अनुदान सम्बन्धित संघीय विषयगत मन्त्रालयले तयार गरेका मापदण्डका आधारमा निर्धारित उद्देश्य वा कार्यक्रम को प्रयोजनको लागि खर्च गर्ने गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । स्थानीय तथा प्रदेश तहले संघीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक आफ्नै स्रोतमा आधारित बजेट तथा राजस्व बाँडफाटबाट प्राप्त हुने बजेटबाट पनि शिक्षा क्षेत्रमा विनियोजन गर्ने गर्दछन् । स्थानीय तहले स्रोत प्रबन्धका लागि आन्तरिक ऋण समेत उठाउन पाउने व्यवस्था पनि रहेको छ । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँबाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह कसरी गर्ने र उपलब्ध स्रोतको उपयोग कुन ढङ्गबाट गर्ने भन्ने विषयलाई यस परिच्छेदमा विश्लेषण गर्नुपर्दछ।

यस परिच्छेदमा परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरुको लागि बजेट अनुमान, विश्लेषण, स्रोतहरुको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरुको पहिचान र विश्लेषण गर्दा संङ्घिय सरकार प्रदेश सरकार स्थानीय सरकार र अन्य संघ संस्थाहरुबाट प्राप्त हुने बजेटको अनुमान गरी कार्यान्वयन हुन सक्ने कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्नुपर्दछ ।

### ६.१ वर्तमान अवस्था

*आफ्नो स्थानीय तहमा निम्न विषय क्षेत्रहरुको आधारमा शिक्षामा लगानी र स्रोत व्यवस्थापनको अवस्थाको विश्लेषण गर्नुहोस् ।*

- बिगत ५ वर्षमा पालिकाको विद्यालय शिक्षा क्षेत्रमा भएको लगानीको विश्लेषण ।
- हालको अवस्थामा स्थानीय तहमा शिक्षामा (संघ, प्रदेश र स्थानीय तहबाट) भएको लगानी ।
- विभिन्न संघसंस्थाहरुबाट शिक्षा क्षेत्रमा भएको लगानीको अवस्था ।
- स्थानीय संघ संस्थावाट सुनिश्चित भएका कार्यक्रमहरु छन् भने सो समेत उल्लेख गर्ने ।
- चुनौति तथा अवसरहरू ।

### ६.२ उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

### ६.३ रणनीति

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको १० प्रतिशतमा नघटाउने गरि बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रबर्द्धन गर्ने ।
५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।
७. लागत साझेदारीमा आधारित कार्यक्रमहरु सञ्चालन गर्ने ।

### ६.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने ।
२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**क. सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| **वालविकास र शिक्षा** | | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ५८४३ | ५८४३ | ५८४३ | ५८४३ | ५८४३ |
| २ | प्रति विद्यार्थी लागत | ५७ | ५७ | ५७ | ५७ | ५७ |
| ३ | दिवा खाजा | १९४४ | १९६६ | १९९२ | २०१८ | २०४१ |
| ४ | अपाङ्गता पहिचान | १५ | १५ | १५ | १६ | १६ |
| **आधारभुत शिक्षा र माध्यमिक शिक्षा** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | शिक्षक तलवभत्ता आधारभूत | १०४९५१ | १०४९५१ | १०४९५१ | १०४९५१ | १०४९५१ |
| २ | छात्रवृत्ति आधारभूत | ८७० | ८७० | ८७० | ८७० | ८७० |
| ३ | सेनेटरी प्याड (मा वि समेत) | १००५ | १००५ | १००५ | १००५ | १००५ |
| ४ | पाठ्यपुस्तक (मा वि समेत) | २५८३ | २५८३ | २५८३ | २५८३ | २५८३ |
| ५ | दिवाखाजा आधारभूत | ५५६५ | ५५६५ | ५५६५ | ५५६५ | ५५६५ |
| ६ | परीक्षा र मूल्याङकन मेन्टरीङ (मा वि समेत) | ११४३ | ११४३ | ११४३ | ११४३ | ११४३ |
| ७ | विपन्न लक्षित छात्रवृति सवै | ६०६ | ६०६ | ६०६ | ६०६ | ६०६ |
| ८ | प्रति विद्यार्थी लागत(मा वि समेत) | २७०८ | २७०८ | २७०८ | २७०८ | २७०८ |
| ९ | विद्यालय संचालन र ब्यवस्थापन (मा वि समेत) | २४४५ | २४४५ | २४४५ | २४४५ | २४४५ |
| १० | शिक्षण सहयोग अनुदान आधारभूत | २३०७ | २३०७ | २३०७ | २३०७ | २३०७ |
| ११ | MGML कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० |
| १२ | शिक्षक तलवभत्ता माध्यमिक | ३०७५४ | ३०७५४ | ३०७५४ | ३०७५४ | ३०७५४ |
| १३ | शिक्षण सहयोग अनुदान माध्यमिक | ११५६ | ११५६ | ११५६ | ११५६ | ११५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | शैक्षिक गुणस्तर सुदृढिकरण माध्यमिक | ११५० | ११५० | ११५० | ११५० | ११५० |
| १५ | Big School निर्माण | ० | २०००० | २०००० | २०००० | २०००० |

## ख. प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| **बालविकास र शिक्षा** | | | | | | |
| १ | | | | | | |
| **आधारभुत शिक्षा** | | | | | | |
| १ | | | | | | |
| **माध्यमिक शिक्षा** | | | | | | |
| १ | | | | | | |

## ग. स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष (हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
| **वालविकास र शिक्षा** | | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिकए थप (प्रोत्साहन अनुदान) | ३८५० | ३८५० | ३८५० | ३८५० | ३८५० |
| २ | शैक्षिक सामाग्री सहितको प्रविधिमैत्री कक्षाकोठाको ब्यवस्थापन | ० | २००० | २००० | २००० | २००० |
| ३ | वालकक्षा शिक्षक क्षमता विकास | २०० | २०० | २०० | २०० | २०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | वालविकास शिक्षक अनुदानको ब्यवस्था | २५०० | २५०० | २५०० | २५०० | २५०० |
| ५ | वालउद्यान निर्माण | ० | ९०० | ९०० | ९०० | ९०० |
| ६ | सिकाइकुना ब्यवस्थापन | ० | ५०० | ५०० | ५०० | ५०० |
| ७ | गा पा शिक्षक अनुदान वालकक्षा | २४९६ | २४९६ | २४९६ | २४९६ | २४९६ |
| **आधारभुत र माध्यमिक शिक्षा** | | | | | | |
| १ | प्रोत्साहन अनुदान (मा वि समेत) थप शिक्षक | २९५० | २९५० | २९५० | २९५० | २९५० |
| २ | छात्रा छात्रवृत्ति कक्षा ११।१२ | ३५० | ३५० | ३५० | ३५० | ३५० |
| ३ | स्वयंसेवक शिक्षक ब्यवस्थापन (मा वि सहित) | ४५० | ५०० | ५०० | ५०० | ५०० |
| ४ | अभिभावक विहिन वालवालिका छात्रवृति कार्यक्रम (मा वि सहित) | ३०० | ४०० | ४०० | ४०० | ४०० |
| ५ | शिक्षक क्षमता विकास तथा मोटिभेसन | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| ६ | सिकाइ उपलब्धि मूल्याङकन अभिलेख | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | कक्षा ८ परीक्षा संचालन | २०० | २०० | २०० | २०० | २०० |
| ८ | अतिरिक्त क्रियाकलाप संचालन | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| ९ | गा पा शिक्षक अनुदान (मा वि सहित) | ४४०४ | ४४०४ | ४४०४ | ४४०४ | ४४०४ |
| १० | अंग्रेजी वलक अनुदान | १००० | १००० | १००० | १००० | १००० |
| ११ | नमूना विद्यालय विकास | १००० | १००० | १००० | १००० | १००० |
| १२ | गणीत र विज्ञान विषयको उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा सन्चालन | ० | ५०० | ५०० | ५०० | ५०० |
| १३ | विद्यालय कक्षाकोठा शौचालय तथा प्रयोगशाला तथा ICT ल्याव र पुस्तकालय ब्यवस्थापन | ० | ६५० | ६५० | ६५० | ६५० |
| १४ | विद्यालय भवन मर्मत तथा पुननिर्माण | ० | ५०० | ५०० | ५०० | ५०० |
| १५ | विद्यार्थीलाई शैक्षिक तथा मनोसामाजिक परामर्श | ० | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | शैक्षिक सामाग्री निर्माण तथा प्रदर्शनी | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| १७ | विद्यालयहरुमा वालउद्यान, करेशावारी, फूलवारी, वृक्षारोपण कार्यक्रम | ० | ३५० | ० | ३५० | ० |
| १८ | विद्यालय अनुगमन कक्षा अवलोकन र शिक्षक सहायता | २०० | २०० | २०० | २०० | २०० |
| १९ | खेलकुद तथा योग शिक्षा कार्यक्रमहरु | ० | ५०० | ५०० | ५०० | ५०० |
| २० | अभिभावक शिक्षा कार्यक्रम | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| २१ | विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण पोषण तथा प्राथमिक उपचार सम्वन्धि कार्यक्रम | ० | १०० | १०० | १०० | १०० |
| २२ | पढदै कमाउदै कार्यक्रम | ० | १०० | १०० | १०० | १०० |
| २३ | विद्यालय स्तरिय योजना निर्माण सम्वन्धि कार्यशाला | ० | १०० | १०० | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४ | तथाङ्क संकलन | ० | १७५ | ० | १७५ | ० |
| २६ | अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ० | १०० | १०० | १०० | १०० |
| २७ | विद्यालयमा सूचना प्रविधिको विकास | ० | २०० | २०० | २०० | २०० |
| २८ | विद्यालयमा सरसफाई तथा स्वच्छता कार्यक्रम | ० | ७० | ७० | ७० | ७० |
| २९ | विपदको समयमा बैकल्पिक सिकाइ | ० | १५० | १५० | १५० | १५० |
| ३० | स्थानिय मगर भाषा संरक्षणका लागि प्राथमिक तहमा मगर भाषाको शिक्षण कार्यक्रम | ० | २०० | २०० | २०० | २०० |
| ३१ | विद्यालयका लागि खोज अनुसन्धान तथा नवप्रवर्द्धन कार्यक्रम | ० | २०० | २०० | २०० | २०० |

**घ। अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | | आर्थिक वर्ष |
|---|---|---|

| | अनुदान प्राप्त हुने क्रियाकलाप | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|
| बालविकास र शिक्षा | | | | | | |
| १ | शैक्षिक सामाग्री वितरण | ० | ० | ५००००० | ० | ० |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | ० | १०० | १०० | १०० | १०० |
| ३ | स्थानिय मगर भाषा संरक्षणका लागि मगर भाषाको पाठ्यपुस्तक शिक्षण कार्यक्रम | ० | २०० | २०० | २०० | २०० |
| ४ | विद्यालय कक्षाकोठा निर्माण तथा मर्मत | ० | १००० | १००० | १०० | १०० |
| ५ | छात्रावास निर्माण | ० | १०००० | १०००० | १०००० | १०००० |
| ६ | खानेपानी शौचालय निर्माण तथा मर्मत | ० | ५०० | ५०० | ५०० | ५०० |

## परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल

प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

## ७.१ वर्तमान अवस्था

यस स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार तथा यस क्षेत्रभित्र रहेका शैक्षिक संस्थाहरुको कामहरुमा अनुगमन नियमन र मूल्याङकन गर्ने कार्य गरिरहेको छ । शैक्षिक संस्थाहरुको अनुगमन नियमन र मूल्याङकनमा क्रियासिल हुनु पर्ने प्रधानाध्यापक वि ब्य स वडा शिक्षा समितिका पदाधिकारीहरुवाट भएको छ ।विद्यालयमा वि ब्य स र प्र अ को नेतृत्वमा अनुगमन र पृष्ठपोषण गर्ने कार्य भएको छ तर यसवाट अपेक्षित उपलब्धि प्राप्त भएको अवस्था छैन ।वडा भित्र रहेका शैक्षिक संस्थाहरुको अनुगमनको जिम्मा वडा शिक्षा समितिलाई दिइएको छ ।आवश्यकता र समय ब्यवस्थापन गरि गाउँ शिक्षा समिति शिक्षा अनुगमन समिति र गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिवाट समेत वेलावेलामा विद्यालय अनुगमन भएका छन । योजना अनुगमनका क्रममा समेत विद्यालयमा गई पृष्ठपोषण प्रदान कार्य भएको पाइन्छ ।

कहिले काही गरिने अनुगमनले सुधारात्मक सुझाव दिए पनि त्यसको कार्यान्वयन गर्ने चलन कम छ ।प्रभावकारी अनुगमन र मूल्याङकनको स्थायी प्रणाली निर्माणका साथै नतिजामूखी अनुगमन र मूल्याङकन प्रणालीको कार्यान्वयनमा जोड दिनु पर्ने देखिएको छ । सफलता सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसारको समेत खाचो रहेको छ ।शिक्षकहरुको आवश्यकता र माग वमोजिमका शिक्षक सुपरिवेक्षण र पेशागत सहयोग हुन सकेका छैनन ।विद्यालयका प्र अ विच र गाउपालिका विच तथा प्र अ र शिक्षक विच कार्यसम्पादन करार गरिएता पनि परिणाममूखि रुपमा त्यसको अनुगमन र मूल्याङकन हुन सकेको छैन ।

## ७.२ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

## ७.३ रणनीति

२. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
३. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
४. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने
५. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने ।
६. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
७. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

### नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा |
| १ | अनुगमन तथा मुल्याकंन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने | पटक | १ | | १ | | १ | ३ |
| ३ | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | २ | २ | २ | २ | २ | १० |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन | पटक | १ | | | १ | | २ |

## ७.६ योजनाको लेखाजोखा

### क. परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत बिद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दायीत्व रहेता पनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ । मुलुकमा संचालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र संचलनार्थ प्रायः सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीय सरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्ने गर्दछ ।यसका लागि मुलकको संबिधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति नियमावली ऐन कानून र निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आआफ्नो तहको शिक्षा क्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पुरा गर्ने गरी कार्यान्वयन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ। शिक्षा क्षेत्रको योजनाले एका तर्फ राष्ट्रिय , प्रदेश र स्थानीयतहको शिक्षा सुधारका लागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ। शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनिति र कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोग गरिन्छ।

### ख. योजनाको लेखाजोखा किन ?

पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताब गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।

योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।

-शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो ,जसको माध्यमबाट पालिका तहको शिक्षा क्षेत्रको योजना के ? किन? कसरी? कस्का लागि ? आदि प्रश्नहरुको उत्तर खोजिन्छ । जसमा :

- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्यांकन गरिन्छ ।

- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिक र न्यायोचित छ छैन भनी मूल्यांकन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छ छैन भनी मूल्यांकन गरिन्छ ।

**ग. योजनाको लेखाजोखाका उद्देश्यहरू**

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष र ,सन्दर्भ , अङ्गहरूको विस्तृत समीक्षा गर्न।
- शिक्षा क्षेत्रका अंगहरूमा (**sSector-Sub**)सङ्घीय राष्ट्रिय/र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न।
- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथा सुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न ।
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्न, र
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न।

**घ. योजनाको लेखाजोखाका महत्त्वपूर्ण पक्षहरू**

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्त्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछः

- योजना निर्माण प्रक्रिया।
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू।
- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकत गुणस्तर, सान्दर्भिकता, स्रोत, र उपयोग बिधि।
- योजना निर्माण विधि।
- योजना कार्यान्वयनको समीक्षा।
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन ।
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन ।
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता।

त्यसैले ,पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय ,दिगो र लगानी योग्य छ या छैन भन्नकालागी योजनाको बिभिद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माण भएको

योजनाको लेखालोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका बिभिन्न बिषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य बिबरण तोकी सम्पन्न गर्नु पर्दछ ।

यस परिच्छेदको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्नु , सहयोग गर्नु  हो जसमा योजनाको सबलता ,प्रासंगिकता, सुसंगतता र विश्वसनीयता , पक्षहरु हेरिन्छन्। योजनाको लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्शहरु निर्माण समिति प्राविधिक समितिसगँको बैठक प्रमुख सरोकारवालाहरूसँगको अन्तर्वार्ता  र खासखास मुद्दा तथा समस्या रहेका  वडा गाउँ समुदाय तथा बिद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा ,भरपर्दो जानकारीहरुको विश्लेषण  जसलाई विज्ञहरूले प्रमाणित र क्रस चेक समावेश गर्नु पर्दछ। लेखाजोखा प्रक्रिया सकेपछि सो बाट प्राप्त पृष्टपोषण तथा निष्कर्षहरूलाई योजनालाई अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ। यस अतिरिक्त योजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ।

**ङ . योजनाको लेखाजोखाको बिधिः**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न  चरणहरु समावेश हुनुपर्दछ :

- प्रारम्भिक छलफल ।
- मूल्याङ्कन टोलीको बैठक ।
- अध्ययनको लागि कागजातहरूको उपलब्धता ।
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन ।
- बिभिन्न क्षेत्रहरुको भ्रमण ।
- सरोकारवाला समुदायहरुसंग अन्तरक्रिया ।
- बिभिन्न सङ्घ-संस्थाहरु संग अन्तरक्रिया ।
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने ।
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुत गर्ने ।
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने ।
- अन्तिम समापन बैठक ।

**च. योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिका तहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छः

- पालिकातहको शिक्षा प्रोफाइल ।
- योजना प्रक्रिया र पद्धति।
- योजनाको लागि तथ्यांकको बिबरण र व्यवस्थापन साथै उपयोग ।

- ECED विकास र विस्तार ।
- पहुँच र निरन्तरता ।
- बालबालिकाको सिकाइ आवश्यकताहरू ।
- शिक्षा प्रणालीको आन्तरिक दक्षता ।
- EMIS र अनुगमन।
- कार्यान्वयनको लागि योजना।
- वयस्क निरक्षरता घटाउने।
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने।
- क्षमता निर्माण।
- लागत र बजेट आवश्यकता।

**छ. योजना लेखाजोखाको प्रतिबेदनमा समाबेश हुनु पर्ने केही महत्वपूर्ण शैक्षिक मुद्दाहरूको उदाहरणः**

- के राष्ट्रिय ,प्रदेश र स्थानीय दुरदृष्टि उद्देश्य ,लक्ष्य र कार्ययोजना अनुरूप योजना बनाइएको छ ?
- के योजनाले ECD देखि बिद्यालय शिक्षा ,वयस्कका लागि साक्षरता र निरन्तर शिक्षा जस्ता आधारभूत शिक्षाका सबै पक्षहरू साथै प्राबिधिक र उच्च शिक्षासँगको तालमेल आदिलाई समेटेको छ ?
- के यो योजनालाई स्थानीय विशिष्ट आवश्यकताहरू, विशेष गरी जनसंख्या , जातजाति ,आर्थिक, भाषिक, पिछडिएको बर्ग र क्षेत्रका आधारमा सान्दर्भिक बनाउने दृष्टिकोणका साथ विकास गरिएको छ ?
- के योजनाले योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा सरोकारवालाहरूको सहभागिताको लागि अवसर र अवसर प्रदान गरेको/गर्दछ ?
- के योजनाले ठोस रणनीति र कार्यहरू प्रस्ताब गरेको छ ?
- शिक्षा क्षेत्रका प्रमुख चुनौतीहरूलाई सम्बोधन गरेको छ ? (तत्परता र सान्दर्भिकता)
- समानता, दक्षता, र सिकाइका मुद्दाहरूलाई राम्रोसँग सम्बोधन गरिएको छ ? शिक्षा क्षेत्रको कार्यसम्पादन बढाउनका लागि समता, दक्षता, सिकाइको मुख्य मुद्दाहरू सवैछ ?
- योजनाका सबै परिक्छेदहरू बीचमा सम्बन्ध र एकरूपता छ ? (योजनाको संगठन) ।
- पालिकाको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित वित्त व्यवस्थापन , उपलब्धता ,प्राप्तिको सम्भावना, AWPB र ASIP बीच कुनै सम्बन्ध छ ?
- पालिकामा सञ्चालन भइरहेका शिक्षासँग सम्बन्धित अन्य सबै कार्यक्रमहरूलाई योजनाले कसरी समेटेको छ ? आदि ।